


# त्रिशूली प्रवाह
साप्ताहिक




वर्ष २७ अंक ८ २१ जेठ २०८३ (04 June, 2026) बिहीबार Website: www.trishuliprawaha.com.np पृष्ठ ६ मूल्य रु.१०/-

## आव २०८३/०८४ को बजेट

# सम्भाव्यता अध्ययनमा टोखा-छहरे सुरुङमार्ग

## स्तरोन्नतिमा गल्छी–स्याफ्रुबेँसी–रसुवागढी सडक

❑ शरण उत्सुक

**विदुर ।** प्रतिनिधिसभामा सुविधाजनक बहुमत रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले शुक्रबार आगामी आव २०८३/०८४ का लागि रु. २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट ल्याएको छ । सो बजेटमा ११ वर्षअघि सुरु भएको गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनालाई यसै वर्ष सम्पन्न गर्ने गरी बजेट विनियोजन भएको छ । रुग्णावस्थामा रहेको सो सडक आगामी आवमा सम्पन्न गर्न रु. एक अर्ब २५ करोड विनियोजन गरिएको छ । त्यसैगरी विगत तीन वर्षदेखि सरकारले हरेक बजेटमा नाम लिने, तर काम अगाडि नबढी चर्चामा मात्र आइरहेको टोखा-छहरे सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गरिने अर्थमन्त्री स्वर्णिम वाग्लेले जानकारी दिनुभयो ।

वि.सं. २०७७ मा चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीले सो सुरुङमार्गको पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन तयार पारेको थियो । काठमाडौंको टोखाबाट नुवाकोटको लिखु गाउँपालिकाको थानसिंस्थित छहरेफाँट जोड्ने सुरुङमार्ग निर्माणका लागि हरेक वर्ष बजेटमा छुटेको छैन । यसअघि वि.सं. २०७६ असोजमा चिनियाँ राष्ट्रपति सी चिनफिङ नेपाल भ्रमणमा आउँदा चीनले अनुदानमा सो सुरुङमार्ग निर्माणको सम्झौता भएको थियो । सो समयमा सुरुङमार्ग निर्माण सहयोग सम्बन्धमा अर्थ मन्त्रालय र चीनबिच सम्झौताअनुसार चीनले प्रारम्भिक चरणको अध्ययन वि.सं. २०७७ मा सम्पन्न गरिसकेको छ ।

सो अध्ययन चाइना कम्युनिकेसनका प्रमुखसहित भूगर्भ, सुरुङ र राजमार्ग इन्जिनियरलगायत नौजनाको प्राविधिक टोलीले गरेको थियो । चिनियाँ टोलीलाई



प्रारम्भिक अध्ययन गर्न करिब एक महिना लागेको थियो । प्रारम्भिक अध्ययनअनुसार सुरुङको लम्बाइ चार किलोमिटर र चौडाइ दुई किलोमिटर हुनेछ । एकातिर 'सर्भिस ट्र्याक' हुनेछ भने लागत रु. ३० अर्ब लाग्ने अनुमान गरिएको छ । यद्यपि, आयोजनाको वास्तविक लागत भने विस्तृत आयोजना प्रतिवेदन तयारपछि मात्रै यकिन हुनेछ । डिपिआर तयारी क्रममा छ । रसुवागढी सडकको दूरी छोट्याउन सो खण्डमा सुरुङ निर्माण गर्ने प्रस्ताव गरिएको थियो । सुरुङ निर्माणपछि करिब १२ किलोमिटर दूरी घट्ने सडक विभागले जनाएको छ ।

यसैगरी चीनले राजधानी काठमाडौंदेखि सीमानाका रसुवागढीसम्म सडक बनाइदिने प्रतिबद्धता जनाएको छ । चिनियाँ राष्ट्रपति सीका भ्रमणका क्रममा काठमाडौं टोखा-छहरे नुवाकोटको सदरमुकाम विदुर हुँदै बेत्रावती र स्याफ्रुबेँसीसम्म सुरुङसहितको सडक निर्माण गरिदिन चीन सहमत भएको सर्भे विभागले बताउने गरेको छ । पहिलो चरणमा टोखादेखि नुवाकोट सदरमुकामसम्म सुरुङसहितको ३२ किलोमिटर सडकमार्ग चीनले अनुदानमा निर्माण गरिदिने प्रस्ताव भएको थियो । काठमाडौंबाट गल्छी-स्याफ्रुबेँसी-रसुवागढीको दूरी एक सय २८ किलोमिटर छ । काठमाडौंको बालाजु बाइपास, नुवाकोटको विदुर तथा रसुवाका धुन्चे र स्याफ्रुबेँसी हुँदै रसुवागढीको दूरी एक सय ५२ किलोमिटर छ । टोखा-छहरे गँगटे ४४ किलोमिटर छ । गँगटे-बेत्रावती १७, बेत्रावती-मैलुङ १०, मैलुङ-स्याफ्रुबेँसी १९, स्याफ्रुबेँसी-रसुवागढी १६ किलोमिटर छ ।

अहिले सो खण्डसहित धादिङको गल्छीदेखि रसुवागढीसम्म सडक निर्माणाधीन अवस्थामा छ । सुरुङमार्ग निर्माणपछि काठमाडौं एवम् उत्तरी भेगका स्थानीयवासीको दैनिकी पनि निकै सहज हुनेछ । हाल सो सडकमार्गको यात्रा निकै जोखिमपूर्ण छ । शिवपुरी भन्ज्याङको उकालामा दुवैतर्फका सवारीसाधनलाई यात्रा गर्दा निकै सास्ती हुने गरेको छ । सुरुङमार्ग निर्माणपछि काठमाडौंको जनघनत्व घटाउन मद्दत पुग्नेछ भने नुवाकोटको आर्थिक गतिविधि विस्तार हुने अपेक्षा नुवाकोट उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजेन्द्र श्रेष्ठले गर्नुभएको

... बाँकी ५ पेजमा

## कर्मचारीको तलब वृद्धि

# राज्यकोषमा रु.६० अर्ब व्ययभार

❑ सज्जनउत्सुक सापकोटा

**विदुर ।** आर्थिक वर्ष २०८३/०८४ को बजेटले निजामती कर्मचारीको तलब बढाएको छ । सोअनुसार अब कर्मचारीको न्यूनतम रु. ३८ हजार चार सय एक र अधिकतम तलब रु. ९८ हजार चार सय २५ हाराहारीमा हुनेछ ।

सरकारले आगामी आवदेखि लागू हुने गरी बजेटमार्फत घोषणा गरेको तलब वृद्धिले राज्यकोषमा थप रु. ६० अर्ब व्ययभार हुने भएको छ । आव २०८३/०८४ को बजेटले राष्ट्रसेवक कर्मचारीका लागि हाल खाइपाइ आएको तलबमा १० प्रतिशत वृद्धि गरेर पुगेकोमा अरू १० प्रतिशत प्रोत्साहनसहित कुल २१ प्रतिशत तलब वृद्धि गरेको हो । महालेखा नियन्त्रक कार्यालयका अनुसार अहिले राज्यकोषबाट तलब/पारिश्रमिक बुझ्नेको सङ्ख्या झन्डै ६ लाख छ । अर्थ मन्त्रालयले तलब बढ्दा कति व्ययभार थपिन्छ भनेर अध्ययन गरेको छ । बजेटलेखन टिममा समेत रहेका मन्त्रालयका सहसचिव डा. धनीराम शर्माका अनुसार ६ लाख कर्मचारीको तलब बढ्दा वार्षिक रु. ६० अर्ब व्ययभार थपिने अनुमान गरिएको छ । सरकारले वृद्धि गरेको यो तलब निजामती कर्मचारी, सेना, प्रहरी र सशस्त्रसहित तीनै सुरक्षा अङ्ग, स्वास्थ्य सेवा, संसद् सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक र प्रदेश तथा स्थानीय तहका कर्मचारीदेखि संस्थानसहित सबै कर्मचारीका हकमा लागू हुनेछ । बहालवालाका अतिरिक्त पेन्सनधारी पनि तलब वृद्धिबाट लाभान्वित हुनेछन् । तलब बढेको अनुपातमा पेन्सन पनि वृद्धि हुनेछ ।

निजामती सेवा ऐनमा बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुईतिहाइ रकम समान पदका निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिने व्यवस्था छ । ऐनको व्यवस्थाअनुसार सेवानिवृत्तको पनि बहालवालाको वृद्धि भएको अङ्कको दुईतिहाइले मासिक पेन्सन रकम बढ्नेछ । सरकारले कर्मचारीको तलबमा रु. एक खर्ब ८७ अर्ब ८७ करोड ८१ लाख र भत्तामा रु. २० अर्ब ५७ करोड २७ लाख गरी कुल रु. दुई खर्ब आठ अर्ब ४५ करोड आठ लाख विनियोजन गरेको छ ।

... बाँकी ५ पेजमा

# पार्टी जागरणको जिम्मा ओलीनिकट नेतालाई

❑ विष्णु तारुके

**विदुर ।** नेकपा (एमाले)ले पार्टी सङ्गठनलाई पुरानै अवस्थामा फर्काउने उद्देश्यले 'मिसन पार्टी जागरण' अभियान सञ्चालन गर्ने भएको छ । एमालेले उक्त अभियानलाई सफल बनाउन देशभरका ६ हजार सात सय ४३ वडासम्म पुगेर कार्यक्रम सञ्चालन गर्दै छ ।

अभियान सफल बनाउन पार्टीका केन्द्रीय नेतालाई जिम्मेवारी दिएको छ । अभियान सफल बनाउन र जनतामा बालेन नेतृत्व सरकारका गलत क्रियाकलापविरुद्ध खबरदारी गर्दै पार्टी सङ्गठन विस्तार गर्ने जिम्मा नुवाकोटका चार नेतालाई दिएको जिल्ला अध्यक्ष बद्री मैनालीले जानकारी दिनुभयो । एमाले सचिवालय बैठकको निर्णयपछि शुक्रबार सार्वजनिक गरिएको आन्तरिक परिपत्र (अपानि)मार्फत कार्यविभाजन सार्वजनिक भएको छ । कार्यविभाजनअनुसार अध्यक्ष केपी ओलीनिकट तीनजना र अध्यक्षमा पराजित ईश्वर पोखरेलनिकट एकजना नेतालाई पार्टी बढाउने जिम्मेवारी दिइएको छ ।

ओलीनिकट एमालेका सदाबहार नेता एवम् पूर्वपराराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेलाई विदुर नगरपालिका, शिवपुरी र लिखु गाउँपालिकामा पार्टी सङ्गठन विस्तार र पुराना कार्यकर्ता तथा मतदातालाई सङ्गठित गर्ने जिम्मेवारी दिइएको छ । त्यसैगरी, अर्का केन्द्रीय सदस्य ओलीनिकट केशव पाण्डेलाई बेलकोटगढी नगरपालिका, ककनी, सूर्यगढी र दुप्चेश्वर गाउँपालिकाको जिम्मेवारी तोकिएको छ । बागमती प्रदेशका पूर्वमन्त्रीसमेत रहेका पाण्डे गत फागुन भएको निर्वाचनमा नुवाकोट क्षेत्र नं. २ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बन्नुभएको थियो । वि.सं. २०७४ मा बागमती प्रदेश सभा निर्वाचित सांसद तथा मन्त्री रहेका पाण्डे अध्यक्ष ओलीनिकट नेता हुनुहुन्छ ।

... बाँकी ५ पेजमा

## त्रिभुवन त्रिशूली मावि

# त्रिशूलीछेउ साढे सात दशकदेखि शिक्षाको दीप बाल्दै

❑ शम्भुराम दाहाल/लक्ष्मी तामाङ

**विदुर ।** विगत तीन वर्षको एसइईको तथ्याङ्कमा त्रिभुवन त्रिशूली माध्यमिक विद्यालयले आफ्नो प्राज्ञिक गरिमालाई निरन्तर उचाइ दिइरहेको छ र समाजमा गुम्दै गएको सामुदायिक विद्यालयप्रतिको भरोसालाई कसरी फर्काउँदै छ भन्ने स्पष्ट हुन्छ । शैक्षिक सत्र २०८० मा कुल ५७ विद्यार्थी परीक्षामा सामेल भएकामा ग्रेडेड केवल ४०.३५ प्रतिशत मात्र थियो, जहाँ ३४ विद्यार्थीले ननग्रेडेड नतिजा व्यहोर्नुपरेको थियो । सो नतिजा विद्यालयका लागि एउटा गम्भीर आत्मसमीक्षाको मोड बन्यो । विद्यालयले आफ्नो शिक्षण पद्धतिमा व्यापक सुधार गर्‍यो । वि.सं. २०७८ देखि लागू गरिएको पूर्ण निःशुल्क अङ्ग्रेजी माध्यमलाई तल्लो कक्षासम्मै सुदृढ बनाइयो । यसको सुखद परिणाम शैक्षिक सत्र २०८१ मा देखियो जहाँ कुल सहभागी ८९ मध्ये ८८.७६ प्रतिशत विद्यार्थी ग्रेडेड भए र एनजी सङ्ख्या १० मा झर्‍यो । सुधारको यो यात्रा यतिमा मात्र रोकिएन; शैक्षिक सत्र २०८२ को एसइईमा ९२ विद्यार्थी सम्मिलित भएकामा ९३.४८ प्रतिशत ग्रेडेड हुन सफल भई विद्यालयले जिल्लाभरिकै सामुदायिक विद्यालयको शिर ठाडो हुने गरी ऐतिहासिक नतिजा हासिल गर्‍यो । उच्च जिपिए ३.६ देखि ४.० ल्याउने विद्यार्थी एकबाट बढेर लगातार पाँचमा कायम रहनु र ३.२ देखि ३.६ जिपिए ल्याउनेको सङ्ख्या तीनबाट बढेर २७ सम्म पुग्नाले विद्यालयको शैक्षिक गुणस्तरको दिगो वृद्धिलाई प्रमाणित गर्छ ।

प्रधानाध्यापक राजेन्द्र दवाडीले आफूहरूले केवल भौतिक पूर्वाधार मात्र नबदली प्रत्येक विद्यार्थीको सिकाइस्तरलाई डिजिटल प्रविधि र नवीन शिक्षण विधिका माध्यमबाट ट्र्याक गरेर सामुदायिक शिक्षाको एउटा नयाँ राष्ट्रिय मानक स्थापित गर्न सफल भएको जिकिर गर्नुभयो । वि.सं. २००७ को राजनीतिक क्रान्ति र देशमा प्रजातन्त्रको उदयसँगै नुवाकोट र

... बाँकी ५ पेजमा



## नेपाल अस्पताल प्रा.लि.
विदुर–२, ढुंगे ओरालो, नुवाकोट
फोन नं : ०१०–५६०६४०

### विशेषज्ञ सेवासम्बन्धी जानकारी

- चौबिसैँ घन्टा आकस्मिक सेवा एमबिबिएस, एमडि, एमएसबाट ।
- सर्जरी सेवा/हाडजोर्नी, पिन निकाल्ने, राख्ने, ऐपेनडिससाईटिस, हाइडोसील, हर्निया, फाईमोसिस ।
- बन्धाकरण (पुरूष, महिला), मासुका डल्ला, भेरीकोच (खुट्टाको नसा) को नियमित रूपमा अप्रेसन ।
- प्रत्येक दिन – बिहान, बेलुका र आइतबार, शनिबार सबै किसिमका विशेषज्ञ डाक्टर सेवा ।
- पहिलो र तेस्रो शनिबार रेडियोलोजिस्टबाट ऐनमलिस्क्यान, पेट, घाटी, पत्थरलगायत सबै किसिमको भिडियो एक्सरे ।
- दर्तासहित उच्च उच्चस्तरीय ल्याबसहित इको र एमडि मेडिसिन डाक्टर सेवा ।
- गर्भवती महिलाको विशेष उपचार तथा परामर्श ।
- बेड भर्ना क्याबिनसहित ।



## स्वास्थ्य सेवा सम्बन्धी जानकारी

डा. प्रमिला थापा
NMC No : 29584
MBBS (Dhaka University)
जनरल फिजिसियन
प्रत्येक दिन

डा. कमल गौतम
NMC No : 9150
MBBS (KU), MD (TU)
मानसिक नसा तथा मनोरोग विशेषज्ञ
पहिलो शनिबार

डा. प्रभाकर पराजुली
NMC No : 18993
MD Orthepedic
वरिष्ठ हाडजोर्नी तथा नसारोग विशेषज्ञ
(पाटन अस्पताल)

दोश्रो शनिबार

डा. अजय शाह
NMC No : 21527
MD Internal Medicine
सुगर, प्रेसर, थाइराइड, दम, पेटरोग विशेषज्ञ
(केएमसी अस्पताल)

डा.सञ्जय सिंह के.सी.
NMC No : 10634
MD (Cardiologist)
मुटुरोग विशेषज्ञ

तेश्रो शनिबार

डा. सरोज सेढाई
वरिष्ठ छाला तथा यौनरोग विशेषज्ञ
MD (Dermatology & Venerology)

डा.चुनुमिला महर्जन
NMC No : 9886
प्रसुती तथा स्त्रीरोग विशेषज्ञ
बाँझोपनरोग विशेषज्ञ

चौथों शनिबार

डा. राजन गोबिन्द मुल्मी
NMC No : 14059
नाक,कान,घाँटीरोग विशेषज्ञ
(विर अस्पताल)

डा.विश्वनाथ अधिकारी
NMC No : 14224
बालरोग विशेषज्ञ
(कान्तीबाल अस्पताल)
चौथों शनिबार

सापकोटा पोलिक्लिनिक प्रा.लि.
सापकोटा मेडिकल हल
विदुर-२, बट्टार, नुवाकोट
सम्पर्क : ०१०-५६०१३९

त्रिशूली प्रवाह
साप्ताहिक

प्रकाशक/सम्पादक : शरणउत्सुक सापकोटा (९८५१००२९३८)
संस्थापक सम्पादक : रामचन्द्र भट्ट
कार्यकारी सम्पादक : विष्णु तारुके (९८५१०९९८००)
रसुवा संवाददाता : जी. लेकाली (०१०५४०२०५ /९८५१११६८३१)
: सरस्वती न्यौपाने (९८४३७६४७९५)
कानुनी सल्लाहकार : अधिवक्ता देवराज कँडेल
जनसम्पर्क : शम्भुराम दाहाल (९८४१९१५७२७)
फोटो पत्रकार : सुनिल श्रेष्ठ
काठमाडौं वितरक : नारायण रिमाल (९८४१०८८२२२)
कार्यालय : विदुर नगरपालिका-२, सञ्चारचोक, विदुर नुवाकोट
फोन/फ्याक्स : ०१०-५६०४१९
Email : prawaha.weekly@gmail.com, utsuk.nkot@gmail.com
मुद्रण : सुप्रिम प्रिन्टिङ प्रेस

## हाम्रा कुरा

# महत्त्वाकाङ्क्षी बजेटको कार्यान्वयन परीक्षण

राजनीतिक अस्थिरताको दुष्चक्र समाप्त भएर नेपाल अहिले बृहत् आर्थिक सुधारको निर्णायक मोडमा उभिएको छ । अधिकांश समष्टिगत आर्थिक परिसूचक सुधारोन्मुख छन् । सुदृढ विदेशी विनिमय सञ्चितिसहित वित्तीय प्रणालीमा पर्याप्त तरलता छ, स्वच्छ ऊर्जा उत्पादन र नयाँ प्रविधिमा विशाल सम्भावना छ । युवा जनसाङ्ख्यिक शक्ति ठुलो पुँजीका रूपमा उपस्थित छ । यद्यपि, अन्तर्राष्ट्रिय आपूर्ति शृङ्खलाको अस्थिरता, आन्तरिक बजारको शिथिलता, उत्पादनशील क्षेत्रमा न्यून लगानी तथा सार्वजनिक संस्थाप्रतिको अविश्वास चुनौतीका रूपमा छन् ।

प्रतिनिधिसभामा सुविधाजनक बहुमत रहेको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारले आर्थिक सुधार, उत्पादन वृद्धि र पूर्वाधार विकासलाई केन्द्रमा राखेर शुक्रबार आव ०८३/८४ का लागि सात प्रतिशत आर्थिक वृद्धिदरको लक्ष्यसहित रु. २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट सार्वजनिक गरेको छ । सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी वर्षका लागि रास्वपाको घोषणापत्र र सरकारको शासकीय सुधारको मार्गचित्रलाई समेत समेटेर बजेट ल्याउनुभयो । अर्थतन्त्रका वर्तमान चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै राज्यको सेवा प्रवाह क्षमता, निजी क्षेत्रको आत्मविश्वास र नागरिकको भरोसा एकसाथ बढाउने उद्देश्य बजेटको छ । उहाँले यस बजेटलाई उत्पादनमुखी अर्थतन्त्र, अन्तर्राष्ट्रिय प्रतिष्ठा र प्रविधिमैत्री रूपान्तरणतर्फको महत्त्वपूर्ण नीतिगत कदम भएको बताउनुभएको छ । तर, अर्थशास्त्री तथा निजी क्षेत्रका प्रतिनिधिले बजेट सकारात्मक भए पनि कार्यान्वयन चुनौतीपूर्ण रहेको बताएका छन् । विपक्षी दलका नेताहरूले भने बजेटलाई महत्त्वाकाङ्क्षी, अवास्तविक तथा लोकरिझ्याइँ प्रकृतिको भन्दै आलोचना गरेका छन् ।

दलित, मधेश, कर्णालीलगायत पिछडिएका वर्ग तथा क्षेत्रलक्षित कार्यक्रमसमेत बजेटमा समेटिएको छ । बजेटले सबै क्षेत्रलाई समेट्ने प्रयास गरे पनि स्रोत व्यवस्थापन, कार्यान्वयन क्षमता र आर्थिक यथार्थबिच तालमेल आवश्यक छ । रास्वपा नेतृत्वको सरकारले पहिलो पूर्ण बजेट ल्याएकाले यसको राजनीतिक, आर्थिक र मनोवैज्ञानिक महत्त्व विशेष छ । निर्वाचनमा प्राप्त दुईतिहाइ जनमतले परिवर्तन, पारदर्शिता र परिणाममुखी शासनप्रति राखेको विश्वासलाई कार्यान्वयन गर्नुपर्नेछ । त्यस विश्वासलाई व्यवहारमा रूपान्तरण गर्ने पहिलो अवसर बजेटमार्फत रास्वपालाई आएको छ । यसलाई सामान्य आर्थिक दस्तावेजभन्दा बढी सरकारको क्षमता, दृष्टि र प्रतिबद्धताको परीक्षणका रूपमा हेरिएको छ । आगामी आवको बजेट चालू आवका तुलनामा करिब २५ प्रतिशतले बढी छ । यसमध्ये रु. १२ खर्ब ७० अर्ब ५८ करोड चालू खर्च, रु. चार खर्ब ३१ अर्ब १० करोड पुँजीगत खर्च तथा रु. चार खर्ब २२ अर्ब ६४ करोड वित्तीय व्यवस्थापनमा विनियोजन गरिएको छ । राजस्व सङ्कलनको लक्ष्य रु. १४ खर्ब पाँच अर्ब निर्धारण गरिएको छ । बजेट महत्त्वाकाङ्क्षी भए पनि यसको वास्तविक मूल्याङ्कन खर्चको आकारले होइन, त्यसले सिर्जना गर्ने परिणामले हुनेछ ।

सरकारले लिएको आन्तरिक तथा बाह्य ऋणको साँवा तथा ब्याज तिर्न वित्तीय व्यवस्थातर्फ रु. चार खर्ब २२ अर्ब ६४ करोड विनियोजन गरिएको छ । साधारण खर्चका दायित्व बढ्दै गएका कारण पनि कुल बजेटको आकार बढाइएको छ । चालू आवका तुलनामा रु. एक खर्ब ६० अर्बले बजेट बढेको छ । चालू आवको बजेट रु. १९ खर्ब ६४ अर्बको भए पनि यसलाई संशोधनमार्फत घटाइएको थियो । घटेको बजेटमा पनि पुँजीगत खर्च भने चालू आवको साढे १० महिनामा एकतिहाइ पनि हुन नसक्दा लक्ष्य हासिल गर्न कठिन भएको यथार्थ सामुन्ने छ । नयाँ बजेटमा चालू, पुँजीगत र वित्तीय व्यवस्थापन तिनै क्षेत्रमा बजेट विस्तार भएको छ । चालू आवसँग तुलना गर्दा नयाँ बजेटमा चालू खर्च करिब रु. ९० अर्ब, पुँजीगत खर्च रु. २३ अर्ब र ऋण भुक्तानीका लागि प्रयोग हुने वित्तीय व्यवस्थामा रु. ४७ अर्बले बजेट ठुलो छ । आयतर्फ राजस्व नै सरकारको मूल आम्दानी हो । बजेटमा रु. १४ खर्ब पाँच अर्ब राजस्व सङ्कलन हुने लक्ष्य छ । राजस्वले नपुग्ने रकममध्ये रु. ६१ अर्ब अनुदान र बाँकी रु. ६ खर्ब ५७ अर्ब ऋण लिनुपर्नेछ । चालू आवको साढे १० महिनामा रु. १० खर्बहाराहारी मात्र राजस्व उठ्ती भएका सन्दर्भमा निर्मम सुशासनका माध्यमले मात्र लक्षित राजस्व उठाउन सक्नुपर्छ ।

सुशासन र सुधारका जगमा लिइएको रूपान्तरणकारी लक्ष्य बजेट कार्यान्वयनमा निर्भर गर्नेछ । कुशासन र भ्रष्टाचारलाई जरैदेखि फाल्न गत वर्ष भदौमा नवपुस्ता विद्रोहमा उठ्यो । नयाँ परिवेशमा भएको निर्वाचनमा रास्वपालाई झन्डै दुईतिहाइको जनादेशसँगै सुधारको कार्यदिशा दिएको छ । दुई महिनाअघि सरकार बनेकै दिन सयबुँदे सुशासन मार्गचित्रमा सरकार निरन्तर अगाडि बढिरहेको छ । सेवा प्रवाहमा वर्तमान सरकारले चालेका कदमको प्रतिफल जनसाधारणमा अनुभूत हुन थालेको छ । अब नयाँ बजेटको कार्यान्वयनमार्फत सुधार र आर्थिक विकासको गति बढाए नागरिकको विश्वास जित्न सकिन्छ ।

बजेट केवल रकम विनियोजनको दस्तावेज होइन, नयाँ राजनीतिक संस्कार र शासनशैलीको परीक्षण पनि हो । प्रशासनिक पुनर्संरचना, कर सुधार, डिजिटल रूपान्तरण, ऊर्जा विस्तार, वित्तीय आधुनिकीकरण तथा सामाजिक न्यायलाई एउटै ढाँचामा जोड्ने प्रयास बजेटको विशेषता हो । लक्ष्य महत्त्वाकाङ्क्षी छन्, चुनौती पनि उत्तिकै गम्भीर छन् । इतिहासमा परिवर्तनका ठुला अध्याय यस्तै महत्त्वाकाङ्क्षी सोचबाट सुरु भएका उदाहरण प्रशस्त छन् । अबको मूल प्रश्न बजेट कति राम्रो छ भन्ने होइन, त्यसलाई कति इमानदार, प्रभावकारी र परिणाममुखी ढङ्गले कार्यान्वयन गर्न सकिन्छ भन्ने नै हो ।

# बजेट : अपेक्षाभन्दा कमजोर आर्थिक मार्गचित्र

विचार

श्रीराम श्रेष्ठ



नेपालको अर्थतन्त्र विगत केही वर्षयता असाधारण चुनौतीको घेराभित्र फसिरहेको छ । आर्थिक वृद्धिदर अपेक्षाअनुसार बढ्न सकेको छैन, निजी क्षेत्रको लगानी खुम्चिँदै गइरहेको छ, उद्योग-व्यवसाय न्यून क्षमतामा सञ्चालन भइरहेका छन्, युवा जनशक्ति निरन्तर विदेश पलायन भइरहेको छ र राज्यको राजस्व सङ्कलनसमेत लक्ष्यअनुसार उठिरहेको छैन । विषम परिस्थितिबाट अगाडि बढेको देशमा भएको निर्वाचन र निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमत प्राप्त सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम र आर्थिक वर्षको बजेट कार्यक्रम निश्चय नै जनअपेक्षित हुन्छ । यस्तो अवस्थामा मुलुकले आर्थिक वर्ष २०८३/०८४ को बजेटले अर्थतन्त्रलाई पुनर्जीवित गर्ने, उत्पादनमूलक क्षेत्रलाई सशक्त बनाउने र निजी क्षेत्र तथा आमनागरिकमा नयाँ आशा जगाउने स्पष्ट मार्गचित्र प्रस्तुत गर्ने अपेक्षा गरिएको थियो । आर्थिक वर्ष २०८३/०८४ का लागि अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सङ्घीय संसद्मा रु. २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट प्रस्तुत गर्नुभएको छ । तर, अर्थमन्त्रीले प्रस्तुत गर्नुभएको बजेटलाई गहिरिएर हेर्दा यसको बाहिरी आकर्षण र वास्तविक आर्थिक आधारबिच ठुलो अन्तर देखिन्छ । बजेट भाषण सुन्दा सरकारसँग सबै समस्याको समाधान छ जस्तो अनुभूति हुन सक्छ । कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, पूर्वाधार विकास-सबै क्षेत्रमा महत्त्वाकाङ्क्षी घोषणा गरिएका छन् । तर, मूल प्रश्न के हो भने यी कार्यक्रम कार्यान्वयन गर्ने आधार के हो ? राज्यको वित्तीय क्षमताको अवस्था कस्तो छ ? स्रोत कहाँबाट जुटाइन्छ र सबैभन्दा महत्त्वपूर्ण कुरा, विगतका असफलताबाट सरकारले पाठ सिकेको छ कि छैन भन्ने प्रश्न व्यावहारिक रूपमा हेर्नुपर्ने हुन्छ ।

बजेट बाह्य रूपमा आकर्षक र प्रविधिमैत्री देखिए पनि वित्तीय अनुशासन, समष्टिगत आर्थिक स्थायित्व र दीर्घकालीन आर्थिक रूपान्तरणका दृष्टिले गम्भीर प्रश्न उठाएको छ । राष्ट्रिय योजना आयोग र स्रोत अनुमान समितिले निर्धारण गरेको बजेट सीमाभन्दा माथि गएर सङ्कुचित आर्थिक वातावरणमै बजेट ल्याइनुलाई वित्तीय अनुशासनको कमजोरीका रूपमा हेरिएको छ । चालू आवको संशोधित अनुमानभन्दा यो बजेट २५.२ प्रतिशतले ठुलो छ, जबकि अर्थतन्त्रको वृद्धिदर चार-पाँच प्रतिशतको सीमामा रहेको, बजारमा मन्दी कायम रहेको र उपभोक्ताको क्रयशक्ति घटिरहेको अवस्था छ । खर्च संरचनातर्फ हेर्दा विकास निर्माणका लागि आवश्यक पुँजीगत खर्च केवल रु. चार खर्ब ३१ अर्ब १० करोड अर्थात् कुल बजेटको २०.३ प्रतिशत मात्र विनियोजन गरिएको छ । विकासोन्मुख मुलुकका लागि यो अनुपात न्यून हुन्छ । यसको विपरीत चालू खर्चतर्फ रु. १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् कुल बजेटको ५९.८ प्रतिशत छुट्याइएको छ । यसले प्रशासनिक तथा उपभोगमुखी खर्चलाई प्राथमिकता दिएको देखिन्छ, जसले दीर्घकालीन उत्पादन क्षमता विस्तारमा अपेक्षित योगदान दिन सक्दैन । वित्तीय व्यवस्थातर्फ रु. चार खर्ब २२ अर्ब ६४ करोड अर्थात् कुल बजेटको १९.९ प्रतिशत विनियोजन गरिएको छ । यो रकम मुख्यतः विगतमा लिइएको ऋणको साँवा र ब्याज भुक्तानीका लागि हो । उल्लेखनीय कुरा के छ भने विकास निर्माणका लागि छुट्याइएको पुँजीगत खर्च (रु. चार खर्ब ३१ अर्ब १० करोड) र ऋण भुक्तानीका लागि छुट्याइएको रकम (रु. चार खर्ब २२ अर्ब ६४ करोड) लगभग बराबर देखिन्छ । यो अवस्थाले नेपालको राजस्व क्षमताले साधारण खर्च र ऋण दायित्व धान्न कठिन भइरहेको सङ्केत गर्छ । विकासका लागि नयाँ ऋण लिने र त्यसको ठुलो हिस्सा पुरानो ऋणको साँवा-ब्याज तिर्न खर्च हुने प्रवृत्तिले मुलुक क्रमशः ऋणको दुष्चक्रतर्फ उन्मुख भएको चिन्ता बढाएको छ ।

बजेटले आर्थिक रूपान्तरणभन्दा खर्च व्यवस्थापन र ऋणको दबाबबिच सन्तुलन खोज्ने प्रयास गरेको देखिए पनि यसको दिगोपन र प्रभावकारितामाथि गम्भीर प्रश्न उठेको छ र यसले यथार्थभन्दा आकाङ्क्षालाई बढी प्राथमिकता दिएको स्पष्ट देखिन्छ । नेपालको अर्थतन्त्र अहिले संरचनागत सङ्कटबाट गुज्रिरहेको छ । यस्तो सङ्कटको समाधान लोकप्रिय कार्यक्रमको घोषणा गरेर होइन, कठिन तर आवश्यक आर्थिक सुधारका निर्णयबाट सम्भव हुन्छ । तर, प्रस्तुत बजेटले आर्थिक सुधारका ती संवेदनशील विषयलाई छुन चाहेको देखिँदैन । नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान करिब ८० प्रतिशतभन्दा बढी रहेको मानिन्छ । रोजगारी सिर्जना, उत्पादन वृद्धि, कर राजस्व तथा आर्थिक गतिविधिको मुख्यः आधार निजी क्षेत्र नै हो । तर, विडम्बना, बजेटले निजी क्षेत्रको मनोबल बढाउनेभन्दा पनि औपचारिक रूपमा सम्बोधन गरेर टार्ने प्रयास गरेको देखिन्छ । लगानीकर्ताले लामो समयदेखि नीतिगत स्थायित्व, कानुनी सुरक्षा, प्रशासनिक सहजता तथा लगानीमैत्री वातावरणको माग गर्दै आएका छन् । उद्योगी-व्यवसायी अहिले पनि बैंक ऋण, कर प्रशासन, अनिश्चित नीति र कमजोर बजार व्यवस्थापनका समस्यासँग जुधिरहेका छन् । तर, बजेटले यी समस्याको जरा समातेर समाधान खोज्ने साहस देखाउन सकेन । अर्थतन्त्रमा अहिलेको सबैभन्दा गम्भीर सङ्कट भनेको उत्पादनको सङ्कट हो । नेपाल उपभोगमुखी अर्थतन्त्रमा रूपान्तरण भइसकेको छ । हामी उत्पादनभन्दा आयातमा निर्भर छौं । कृषि क्षेत्रको अवस्था हेर्दा यो अझ स्पष्ट हुन्छ । देशको दुईतिहाइ जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषिमा संलग्न भए तापनि कृषिले राष्ट्रिय अर्थतन्त्रमा अपेक्षित योगदान दिन सकेको छैन । यसको कारण उत्पादन लागत, बजार अभाव, प्रविधिको कमी, सिँचाइको समस्या र राज्यको कमजोर नीति हो । अनुदान र सहुलियतको पुरानै चक्र दोहोऱ्याएर कृषिमा परिवर्तन सम्भव हुँदैन ।

रोजगारीको विषय बजेटको अर्को कमजोर पक्ष बनेको छ । हरेक वर्षजस्तै यस वर्ष पनि लाखौं युवालाई रोजगारी सिर्जना गर्ने घोषणा गरिएको छ । तर, घोषणा र यथार्थबिचको दूरी नेपाली जनताले धेरैपटक देखिसकेका छन् । नेपालमा बेरोजगारीको समस्या केवल रोजगारी अभावको समस्या होइन, यो आर्थिक संरचनाको समस्या हो । उद्योग विस्तार नहुँदा, उत्पादन क्षेत्र कमजोर हुँदा र लगानी बढ्न नसक्दा रोजगारी सिर्जना हुँदैन । बजेटले यही संरचनागत समस्यालाई सम्बोधन गर्न सकेको छैन । फलस्वरूप वैदेशिक रोजगारीमा जाने युवाको सङ्ख्या घट्नेभन्दा बढ्ने सम्भावना देखिन्छ । अझ चिन्ताजनक पक्ष भनेको बजेटको स्रोत व्यवस्थापन हो । विगत तीन वर्षदेखि सरकारले राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न सकेको छैन । विकास खर्चको अवस्था पनि अत्यन्त कमजोर छ । चालू खर्च निरन्तर बढिरहेको छ भने पुँजीगत खर्च वर्षको अन्तिम महिनामा हतारहतार खर्च गर्ने पुरानो प्रवृत्ति यथावत् छ । यस्तो अवस्थामा फेरि पनि महत्त्वाकाङ्क्षी राजस्व लक्ष्य निर्धारण गर्नुमा आर्थिक यथार्थभन्दा राजनीतिक आशावादिता बढी देखिन्छ । यदि राजस्व लक्ष्य पूरा भएन भने सरकारले ऋण लिनुपर्नेछ वा विकास खर्च कटौती गर्नुपर्नेछ । दुवै अवस्था अर्थतन्त्रका लागि सकारात्मक होइनन् । यस बजेटले अर्को गम्भीर प्रश्न पनि उठाएको छ- के नेपाल अझ बढी ऋणमा आधारित अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको छ ? पछिल्ला वर्षमा सार्वजनिक ऋण उल्लेख्य रूपमा बढेको छ । ऋण आफैँमा समस्या होइन, यदि त्यो उत्पादनमूलक क्षेत्रमा लगानी गरिएको छ भने । तर, नेपालमा ऋणको ठुलो हिस्सा प्रशासनिक खर्च, तलबभत्ता र उपभोगमुखी क्षेत्रमा खर्च हुने गरेको आलोचना छ । बजेटले ऋणको उपयोग र प्रतिफल सुनिश्चित गर्ने स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको देखिँदैन ।

सङ्घीयताको प्रभावकारी कार्यान्वयनका दृष्टिले प्रस्तुत बजेट अपेक्षाभन्दा कमजोर देखिएको छ । संविधानले प्रदेश र स्थानीय तहलाई विकासको आधार बनाउने परिकल्पना गरे पनि स्रोत, अधिकार र निर्णय प्रक्रिया अझै सङ्घीय सरकारमै केन्द्रित छन् । बजेटले प्रदेश तथा स्थानीय सरकारलाई आर्थिक रूपमा सबल बनाउने कुनै उल्लेखनीय पहल प्रस्तुत गरेको छैन । शिक्षा, स्वास्थ्य, ऊर्जा र पर्यटन क्षेत्रमा केही सकारात्मक कार्यक्रम घोषणा गरिए तापनि संरचनागत सुधारका लागि आवश्यक स्पष्ट रणनीति देखिँदैन । बिदेसिने शैक्षिक लगानी रोक्ने, स्वास्थ्य सेवामा जनविश्वास बढाउने, ऊर्जा उत्पादनसँगै प्रसारण, औद्योगिक उपयोग र निर्यात विस्तार गर्ने तथा पर्यटनलाई अर्थतन्त्रको प्रमुख आधार बनाउने विषयमा बजेट पर्याप्त प्रभावकारी देखिएको छैन । सुशासनको पक्ष पनि कमजोर रहेको आलोचना गरिएको छ । भ्रष्टाचार, ढिलासुस्ती, कमिसनतन्त्र र कमजोर कार्यान्वयनका समस्यालाई समाधान नगरी नयाँ कार्यक्रम थप्नु मात्र पर्याप्त नहुने तर्क गरिएको छ । बजेटले अर्थतन्त्रका मूल समस्याको पहिचान गर्न नसकी लक्षणको मात्र उपचार गर्ने प्रयास गरेको छ । लोकप्रिय घोषणा भए पनि आर्थिक रूपान्तरणको स्पष्ट दृष्टिकोण अभाव देखिन्छ । नेपाललाई उत्पादनमुखी अर्थतन्त्र, निजी क्षेत्रमैत्री नीति, कृषि तथा उद्योगको आधुनिकीकरण, युवा उद्यमशीलता, प्रभावकारी सङ्घीयता र सुशासनमा आधारित विकास मोडेल आवश्यक छ । तर, बजेटले यी आधारभूत अपेक्षालाई पर्याप्त रूपमा सम्बोधन गर्न सकेको छैन । बजेट राष्ट्रको आर्थिक मार्गचित्र भए पनि यसले वर्तमान आर्थिक चुनौतीको ठोस समाधानभन्दा आशावादी प्रतिबद्धतामा बढी जोड दिएको अनुभूति हुन्छ । वास्तविक आर्थिक पुनरुत्थान उत्पादन, लगानी, रोजगारी र सुशासनबाट मात्र सम्भव हुने भएकाले बजेटको सफलता यसको प्रभावकारी कार्यान्वयनमा नै निर्भर रहनेछ ।

# मलमास र क्षयमासमा गर्न हुने र गर्न नहुने विषय

चिन्तन



आचार्य वासुदेव उपाध्याय नेपाल

### क्षयमासको उदाहरण

भाद्रकृष्ण औंसीको दिन आश्विन सङ्क्रान्ति परेको छ र त्यसपछि आश्विन महिनाको अधिकमास परेको छ अनि शुद्ध आश्विनको प्रतिपदाको दिन कार्तिक सङ्क्रान्ति र कार्तिक शुक्ल प्रतिपदाको दिन मङ्सिर सङ्क्रान्ति, त्यसपछि मङ्सिर शुक्ल प्रतिपदाको दिन पौष सङ्क्रान्ति अनि त्यसै महिनाको आउँदो औंसीको दिन माघ सङ्क्रान्ति पर्न आएको छ भने त्यस्तो अवस्थामा धनु र मकर अर्थात् पौष र माघ दुवै सङ्क्रान्ति एक महिनामा परेको हुँदा त्यो एक महिना क्षयमास हुन्छ । त्यसमा मङ्सिर र पुस दुवै महिना जोडिएर एक महिना भएको कुरा बुझ्नुपर्छ । त्यसमा प्रतिपदा आदि तिथिहरूको पूर्वार्ध मङ्सिर र उत्तरार्ध पुस हुन्छ । वचन छ- 'तिथ्यर्धे प्रथमे पूर्वो द्वितीयार्धे तथोत्तरः ।' यसै क्रमले सबै तिथिहरूका सम्बन्धमा बुझ्नुपर्छ किनभने ती सबै दुवै महिनाका तिथिहरू हुन् । त्यस्तोमा कुनै तिथिको पहिलो आधा भागमा कसैको मृत्यु भएको छ भने त्यसको वार्षिक श्राद्ध मङ्सिरको त्यही तिथिमा र पछिल्लो आधा भागमा मृत्यु भएको छ भनेचाहिँ त्यसको वार्षिक श्राद्ध पुस महिनाको त्यही तिथिमा गर्नुपर्छ । यसैगरी बालकको जन्म हुँदा जन्मोत्सव आदिको विधिमा पनि त्यही प्रक्रिया अपनाउनुपर्छ । त्यसपछि माघको औंसीका दिन फागुन सङ्क्रान्ति आउँछ भने फागुन अधिमास हुन्छ । अनि शुद्ध फागुन शुक्ल प्रतिपदाका दिन चैत सङ्क्रान्ति हुन्छ । यसरी अगाडि र पछाडि गरी दुईवटा अधिमास भएको क्षयमास जुन वर्षमा आउँछ, त्यो पुग-नपुग तीन सय ९० दिनको, तेह्र महिनाको वर्ष हुन्छ अर्थात् क्षयमास भएको वर्षमा लगभग तीन सय ९० दिन (एक-दुई दिन कम पनि हुन सक्छ) का जम्मा १३ महिना हुन्छन् । त्यस्तो क्षयमासभन्दा अगाडि आउने अधिमासलाई 'संसर्प' भनिन्छ र त्यसमा विधिअनुसार सबै धार्मिक कार्य गर्न हुन्छ । त्यो महिना शुभकर्मका लागि त्याज्य हुँदैन । क्षयमासभन्दा पछाडि आउने अधिमासलाई 'अंहस्पति' भनिन्छ र त्यो अधिमास सबै किसिमका धार्मिक कार्यका लागि वर्जित हुन्छ । यसैगरी प्रत्येक तीन वर्षको अन्तरालमा आउने केवल अधिमास पनि धार्मिक कार्यका लागि वर्जित हुन्छ । मलमासमा नगरी नहुने परिआएका नित्य, नैमित्तिक, काम्य कर्म अधिमास र क्षयमासमा पनि गर्नुपर्छ । तत्काल नगरे पनि हुने खालका नित्य, नैमित्तिक र काम्य कर्मचाहिँ अधिमास र क्षयमासमा गर्नुहुँदैन । जस्तो कि सन्ध्या, अग्निहोत्र आदि नित्यकर्म, ग्रहणस्नान आदि नैमित्तिक कर्म, वर्षाको उद्देश्यले गरिने 'कारिरी' यज्ञ आदि र कुनै राक्षसको चङ्गुलमा परेका व्यक्तिको जीवनरक्षाका लागि गरिने रक्षोघ्न यज्ञजस्ता काम्य कर्म पनि मलमासमा गर्न हुन्छ । तर, ज्योतिष्टोम आदि नित्यकर्म, जातेष्टि आदि नैमित्तिक कर्म र पुत्रकामेष्टि (पुत्रेष्टि)जस्ता काम्य कर्मचाहिँ मलमास वा क्षयमास सकिएपछि शुद्ध मासमा नै गर्नुपर्छ । पहिलेदेखि विधिपूर्वक सुरु गरिएको काम्य कर्म बिचमा मलमास परे पनि गर्न हुन्छ । मलमासमा नै नयाँ धार्मिक कर्मको थालनी र अन्त्य गर्ने हिसाबले चाहिँ गर्न हुँदैन । कुनै पूजाको लोप हुने अवस्था (मूर्ति हराउने आदि कारणबाट) फेरि मूर्तिको प्रतिष्ठा गर्नुपर्दा, गर्भाधानदेखि लिएर अन्नप्राशन (पास्नी) सम्मका संस्कार समयमै गर्नुपर्दा, अरू कुनै उपाय नभएर ज्वर अदि रोगको शान्ति गर्नुपर्दा अत्यन्त दुर्लभ योगमा श्राद्ध गर्नुपर्दा र व्रत आदि कार्य, कुनै कारणवश गरिने प्रायश्चित्त जस्तै दाम्लामा बाँधेका अवस्थामा गाईको मृत्यु भएमा गरिने प्रायश्चित्त आदि,

### काकमैथुनदर्शन आदि जस्ता शान्ति, नित्यश्राद्ध, ऊनमासिकादि श्राद्ध

(ऊनमासिक, ऊनषाड्मासिक र ऊनाब्दिक श्राद्ध) दर्शश्राद्ध (औंसीको श्राद्ध) आदि कार्य मलमासमा पनि गर्नुपर्छ ।

चैत आदि महिनामा मलमास परेको वेला कसैको मृत्यु भएको छ र कुनै वेला धेरै समयपछि उही चैत आदि महिनामा नै मलमास पर्न गयो भने एकोद्दिष्टश्राद्ध त्यही मलमासकै तिथिमा गर्नुपर्छ । तर, चैत आदिमा मलमास नपरेको वेला शुद्ध मासकै अवस्थामा मृत्यु भएको छ भनेचाहिँ त्यस्ताको एकोद्दिष्ट श्राद्ध मलमासमा नगरी शुद्ध मासमा नै गर्नुपर्छ । कुनै व्यक्तिको मृत्यु शुद्धमासमा भएको र त्यसको पहिलो वार्षिक श्राद्धको समय आउँदा मलमास परेको छ भने त्यो वार्षिक श्राद्ध ११ दिनमा आद्याब्दिक श्राद्ध नगरी वर्ष दिनमा मात्र आद्याब्दिक श्राद्ध गर्नेले मलमासकै तिथिमा आद्याब्दिक श्राद्ध (प्रथम वार्षिक श्राद्ध) गर्नुपर्दछ । तर, ११ दिनमा आद्याब्दिक श्राद्ध गर्नेले शुद्धमासका तिथिमा १२औं मासिक गरिएको भए मलमासका तिथिमा जुर्दछ भने ऊनाब्दिक श्राद्ध गरेर शुद्धमासकै सम्बन्धित तिथिमा दोस्रो वार्षिक श्राद्ध गर्नुपर्छ । ऊनमासिक जुर्दैन भने वार्षिक श्राद्ध गर्नुभन्दा १० जति अघिसम्ममा जुराएर ऊनाब्दिक श्राद्ध गरेर सम्बन्धित तिथिमा वार्षिक श्राद्ध गर्नुपर्दछ ।

### गर्न नहुने र हुने कर्म

अधिकमासमा उपाकर्म, उत्सर्जनकर्म, अष्टका श्राद्ध, गृहप्रवेश, छेवर, व्रतबन्ध, विवाह, तीर्थयात्रा, वास्तुकर्म यी कुरा वर्जित छन् । देवताको प्राणप्रतिष्ठा गरी स्थापित गर्ने काम, कुवा (जलाशय बगैंचा आदिको आरम्भ, नयाँ वस्त्र गहना आदि धारण गर्ने काम, तुलापुरुष-दान (तुलामा मान्छे बराबरको महत्त्वपूर्ण वस्तु तौलेर गरिने दान) जस्तो महादान, यज्ञसम्बन्धी कामको थालनी, पहिले दर्शन नगरेका तीर्थ देवताको दर्शन, सन्न्यास लिने काम, कुनै विशेष कामना पूर्तिको उद्देश्यले गरिने वृषोत्सर्ग, राजाको अभिषेक नयाँ व्रतहरू, नगरी नहुने बाध्यात्मकबाहेक अरू कुनै समयमा पनि गर्न सकिने अन्नप्राशन (पास्नी), समावर्तनकर्म समय बितिसकेपछि गर्नुपर्ने नामकर्म आदि संस्कार, पवित्रारोपण, दमनाका फूल अर्पण गर्ने कार्य, श्रवणाकर्म सर्पवलि आदि पाकशास्त्रीय विधि, हरिशयनी वा परिवर्तनी एकादशीका उपलक्ष्यमा गरिने उत्सव, शपथ दिलाउने दिव्य विधि आदिको काम यी सबै कुरा मलमासमा वर्जित छन् । कुनै नैमित्तिक कर्म जस्तै राजोदोषशान्ति विच्छिन्न अग्निको आधान, देवमूर्ति आदिको पुनः प्रतिष्ठा आदि कार्य यदि त्यस्ता दोषको कारण देखिनेबित्तिकै गरिन्छन् भने त्यस्तोमा मलमास आदिको दोष लाग्दैन । त्यस्तो घटना भएको धेरै समय बितिसकेको अवस्था रहेछ भनेचाहिँ मलमासको सट्टा शुद्ध मासमा नै गर्नुपर्छ । अनिकालको सङ्कट आइपरेको छ भने आग्रायण कर्म मलमासमा गर्न हुन्छ । अन्यथा शुद्ध मासमा नै गर्नुपर्छ । युगादि श्राद्ध र मन्वादि श्राद्ध मलमास तथा शुद्ध मास दुवैमा गर्नुपर्छ । क्षयमासभन्दा अगाडि आउने अधिक मासलाई 'संसर्पक' भनिन्छ भनेर पहिले बताइसकिएको छ । त्यो अधिक मास (संसर्पक)मा चूडाकर्म, व्रतबन्ध, विवाह, अग्निस्थापन यज्ञोत्सव, महालय, राजाको अभिषेक यो कर्म वर्जित छन् : अरू कर्म होइन । पहिले नगरिएका व्रतको आरम्भ र व्रत समाप्ति गर्ने काम मलमासमा गर्नुहुँदैन । पहिले गर्दै आएजस्तै माघस्नान आदिको आरम्भ र समाप्ति क्षयमासमा पनि गर्न सकिन्छ । यसो गर्दा मकर सङ्क्रान्तियुक्त क्षयमासको पूर्णिमाका दिन माघस्नान सुरु गरेर त्यसपछिको सङ्क्रान्तियुक्त पूर्णिमाकै दिन समाप्त गर्नुपर्छ । कार्तिकमा मलमास परे पनि यसै प्रकारले गर्ने कुरा बुझ्नुपर्छ । वैशाखमा अधिकमास परेको छ भने चैत पूर्णिमाका दिन वैशाख-स्नान आदि व्रत आरम्भ गरेर शुद्ध वैशाख पूर्णिमाका दिन मात्र समाप्त गर्नुपर्छ । यसरी अधिकमासमा र शुद्धमासमा गरी स्नान तथा ब्रतादिको अनुष्ठान दुई महिना नै गर्नुपर्दछ ।

### मासिक तथा श्राद्ध

मृत्यु भएका दिनदेखि एक वर्षभित्र कुनै अधिकमास पर्न गयो भने त्यसवेला त्यस महिनाको मासिक श्राद्ध अधिकमासमा र शुद्धमासमा गरी दुईपटक गर्नुपर्ने हुँदा त्यस वर्ष सोह्र मासिकको सट्टा सत्र मासिक श्राद्ध हुन्छन् । कसैको मृत्यु मलमास परेका वेला भयो भने त्यसको एघारौं दिनमा आद्यमासिक (प्रथम मासिक) गरेर मृत्युको महिना दिन पुगेर दोस्रो महिनाको सुरु हुने तिथिमा फेरि दोहोऱ्याएर आद्यमासिक गरी दुई महिना पूरा हुनुभन्दा केही पहिले जुराएर ऊनमासिक गरी दुई महिना पुगेर तेस्रो महिना सुरु भएको दिन द्वितीय मासिक गरेर अनि साढे दुई महिना अर्थात् ७५ दिनका तिथिमा त्रैपाक्षिक (४५ दिने) मासिक श्राद्ध गर्नुपर्छ । त्यसपछि तीन महिना पुगेका दिनका तिथिमा तृतीय मासिक गरिसकेपछि क्रमशः अरू मासिक आ-आफ्ना निर्धारित समयमा नै गर्नुपर्छ । चार पुस्ताभित्रका सपिण्डी बन्धुहरूकोमा नान्दी श्रद्ध गर्नुपर्ने भयो भने त्यो श्राद्ध गर्नुपर्ने महिनामा एकै दिन बाँकी रहेका सबै मासिक अगाडि खिचेर गरी, सपिण्डी गरेपछि मात्र नान्दी श्राद्ध (आभ्युदयिक श्राद्ध) गर्नुपर्छ भन्ने शास्त्रको वचन छ । उदकुम्भ श्राद्ध पनि मासिकजस्तै नै भएकाले तिनीहरूलाई पनि अगाडि खिचेर गरेर मात्र नान्दी श्राद्ध गर्न सकिन्छ भन्ने कुरा शास्त्रमा बताइसकिएको छ । वृद्धिश्रद्ध (नान्दी श्राद्ध) गर्नुपरेको अवस्थामा बाहेक अरूवेला मासिक खिचेर गर्नुहुँदैन, गर्दा दोष लाग्छ भन्ने शास्त्रको वचन छ । जुन व्यक्तिले वृद्धि नपरेका वेलामा पनि मासिक खिचेर गर्दछ त्यो श्रद्ध गर्ने व्यक्ति आफ्ना पितृसँगै आफू पनि नरकमा पर्दछ । चारपुस्ते सपिण्ड बन्धुभित्र विवाह, व्रतबन्ध र चूडा (छेवर) आदि कर्म गर्नुपर्ने भएमा मासिक खिचेर गर्न सकिन्छ । जुन-जुन मासिक, सूतक आदिका कारणले छुटेका छन् ती मासिक त्यसपछि आउने मासिकसँग एकतन्त्रले एकैपटक गर्नुपर्छ भन्ने कुरा शास्त्रमा बताइएको छ ।

मलमासमा मृत्यु हुनेको कुनै वर्ष मृत्यु भएकै महिनामा फेरि मलमास पऱ्यो भने त्यस महिनाको मलमासमा नै एकोद्दिष्ट श्राद्ध गर्नुपर्दछ । शुद्धमासका तिथिमा भने ब्रह्मणलाई टीका लगाई भोजन मात्र गराउनुपर्दछ, सिधा र पिण्ड दिनुहुँदैन । शुद्धमासमा मृत्यु हुनेको आद्याब्दिक श्राद्ध (पहिलो वार्षिक श्राद्ध) गर्ने समयमा मलमास परेमा मलमासमा नै आद्याब्दिक श्राद्ध गर्नुपर्दछ, शुद्धमासमा गर्नुहुँदैन । तर, दोस्रो वार्षिक श्राद्ध भने मलमासमा गर्नुहुँदैन शुद्धमासमा नै गर्नुपर्दछ । ११ दिनमा गर्ने आद्याब्दिक श्राद्ध नै हाम्रा लागि पहिलो वार्षिक श्राद्ध हुन्छ, वर्ष दिनमा गरिने वार्षिक श्राद्ध त हाम्रा लागि द्वितीय वार्षिक श्राद्ध हुन्छ । त्यसैले वार्षिक श्राद्ध गर्ने समयमा मलमास पऱ्यो भने हामीले मलमासमा वार्षिक श्राद्ध गर्नुहुँदैन, शुद्धमासमा नै वार्षिक श्राद्ध गर्नुपर्दछ । मलमासका तिथिमा ब्राह्मणभोजन गराउनुपर्दछ । तर, जसले ११ दिनमा आद्याब्दिक श्राद्ध नगरेर वर्ष दिनमा मात्र गर्नुहुन्छ, उहाँहरूका लागि वर्ष दिनमा गरिने आद्याब्दिक श्राद्ध नै पहिलो वार्षिक श्राद्ध हुन्छ । उहाँहरूले वार्षिक श्राद्ध गर्ने समयमा मलमास परेमा मलमासमा नै वार्षिक श्राद्ध गर्नुपर्दछ, शुद्धमासमा गर्नुहुँदैन । सपिण्डीसम्मका सबै क्रिया गर्ने समयमा मलमास परेमा पनि मलमासमा नै गर्नुपर्दछ ।

*विदुर- ५ द्वारपाल, देवीघाट, नुवाकोट*

# विश्वशान्तिका लागि एक हप्तासम्म 'त्रिपिटक' वाचन

**धुन्चे ।** रसुवा जिल्लाको सदरमुकाम धुन्चेमा जेठ १० देखि १७ गतेसम्म तेस्रोपटक त्रिपिटक (कङ्ग्युर) वाचन सम्पन्न भएको छ ।

टुल्कु छोलिङ गुम्बा धुन्चेको आयोजनामा हरेक पाँच वर्षमा गरिने यो पूजा 'त्रिपिटक' वाचन गर्नाले सम्पूर्ण प्राणी जगत्को रक्षा हुने जनविश्वास रहेको छ । हिन्दुको वेद, इसाईको बाइबल, इस्लामको कुरान प्रमुख ग्रन्थ भएझैँ बौद्धको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ । भगवान् बुद्धको वचनलाई उहाँको परिनिर्वाणपछि तत्कालीन भिक्षुहरूद्वारा एकै ठाउँमा संयोजन गरी त्रिपिटक ग्रन्थ निर्माण गरिएको थियो ।

त्रिपिटकमा ८४ हजार धर्मस्कन्ध छन् भनी अट्ठकथामा वर्णन छ । तिनै सङ्ग्रहको एकमुस्ट समूहलाई नै बुद्धधर्मको अमूल्य र पवित्र धर्मग्रन्थ त्रिपिटक भनिएको छ । कुशल कार्य र मन परिशुद्धि कार्य गर्नका लागि त्रिपिटकको ज्ञान र अध्ययन गर्नु अति आवश्यक भएको लामागुरु पाल्देन लामाले बताउनुभयो । विशेषतः त्रिपिटक पाली भाषामा लेखिएको छ । त्रिपिटकमा 'त्रि'को अर्थ तीनवटा र ' पिटक' को अर्थ हो टोकरी (डालो) धर्म साहित्यको । तीनवटा पिटकमा (१) सूत्रपिटक (२) विनयपिटक (३) अभिधम्मपिटक पर्छन् ।

रसुवाको विभिन्न ठाउँ र सिन्धुपाल्चोक, काठमाडौँको बौद्धका सयौँ लामा भेला भई 'त्रिपिटक' पाठ गरिएको थियो । यो पाठ माछा, मासु, अन्डा नखाई शुद्ध भएर गरिन्छ । पाठ गर्दा वर्षभरि नै गाउँ, समाजलाई सुखशान्ति मिल्ने सामाजिक अभियन्ता बाबुलाल तामाङले बताउनुभयो ।



# सप्ताहव्यापी अभ्यास मनसुन–६ सम्पन्न

**धुन्चे ।** रसुवा जिल्लाको विभिन्न जोखिमयुक्त ठाउँमा सप्ताहव्यापी अभ्यास मनसुन- ६ सम्पन्न भएको छ । मनसुनजन्य विपत् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा उद्धार कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले सञ्चालित सप्ताहव्यापी ' अभ्यास मनसुन-६' जनचेतनामूलक अभियान सम्पन्न भएको हो ।

नेपाली सेना श्रीनाथ गण धुन्चेको आयोजनामा यही जेठ ७ देखि १२ गतेसम्म जिल्लाका विभिन्न उच्च जोखिमयुक्त स्थानमा अभियान सञ्चालन गरिएको हो । अभियानको अन्तिम दिन गोसाईँकुण्ड- ५, स्याफ्रुबेँसीस्थित चिलिमे हाइड्रोपावर स्टेसनको प्राङ्गणमा (भोटेकोशी पुलनजिकै) मुख्य डेमो प्रदर्शनी गरिएको थियो । उक्त अभ्यास कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल २० नम्बर गुल्म हेडक्वार्टर धुन्चेले संयुक्त रूपमा मनसुनमा हुन सक्ने सम्भावित प्राकृतिक विपत्का घटनाको परि दृश्य निर्माण गरी उद्धार र प्राथमिक उपचारका विधि व्यावहारिक रूपमा प्रदर्शन गरेको थियो ।

स्याफ्रुबेँसीमा आयोजित समापन कार्यक्रममा जिल्ला विपत् व्यवस्थापन समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी राजेश पन्थी, सुरक्षा निकायका प्रमुख, स्कुलका विद्यार्थी, स्वास्थ्यचौकी स्याफ्रुबेँसीका कर्मचारी, लाङटाङ राष्ट्रिय निकुञ्ज तथा जिल्ला वन कार्यालयका प्रमुख एवम् प्रतिनिधि, गोसाईँकुण्ड गाउँपालिकाका कर्मचारी र स्थानीय पत्रकारसहित करिब एक सय ५० जनाको सहभागिता थियो ।



दर्ता नं. ४३/२०५३/०५४ | पान नं. ३०३३५७४९२

**श्री बट्टार सहकारी संस्था लि.**

**SHREE BATTAR COOPERATIVE SOCIETY LTD.**

बिदुर न.पा.वडा नं. ४ बट्टार फोन नं. ०१०-५६०७५९, ५६०२४० Email : bcosltd @yahoo.com, battarsahakari2053@gmail.com

## ऋण चुक्ता गर्नेबारेको १५ दिने सूचना

*(सूचना प्रकाशित मिति : २०८३/०२/२१)*

यस संस्थाबाट ऋण लिई किस्ता भाका तथा ऋणको म्याद भाका नाघेका ऋणी सदस्यहरूलाई संस्थामा बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना रकम बुझाउन पटकपटक मौखिक ताकेता, टेलिफोन सम्पर्क तथा पत्रमार्फत जानकारी गराउँदासमेत तिर्नु-बुझाउनुपर्ने ऋण रकम नतिरी/नबुझाई हेलचेक्र्याइँ बेवास्ता गरी कर्जासम्बन्धी सर्तबन्देज कबुलियतनामामा उल्लङ्घन गरेको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थामा सम्पर्क राखी तिर्नु-बुझाउनपर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जना रकम संस्थामा बुझाउनुहोला । अन्यथा, सहकारी ऐन र संस्थाको नियमानुसार पत्रपत्रिका तथा सामाजिक सञ्जालमार्फत फोटोसहितको तीनपुस्ते विवरण प्रकाशित गरी सो ऋणमा कबुलियतनामा गरिदिने सदस्यहरूको विवरणसहित नियमन निकाय विदुर नगरपालिका र सम्बन्धित ऋणीको वडा कार्यालयमा समेत ऋण नबुझाउने ऋणीहरूको विवरण पेस गरी खराब ऋणीको कालोसूचीमा समावेश गराई ऋण असुल गर्ने प्रक्रियाको नियमानुसार भई जानेसमेत जानकारी गराइन्छ । यसबाट सामाजिक मान-प्रतिष्ठामा पर्न जाने असुविधाप्रति संस्था जिम्मेवार नहुनेसमेत अवगत गराउँदछौँ ।

**ऋण लगानी तथा असुली उपसमिति**

## नुवाकोट स्वयम्भू महाचैत्यको साधारणसभा




**विदुर ।** नुवाकोट स्वयम्भू महाचैत्य संरक्षण संस्थाको दोस्रो साधारणसभा शुक्रबार सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय नुवाकोटमा वि.सं. २०८० पुसमा दर्ता भई सोही वर्ष समाजकल्याण परिषद्मा दर्ता भएर सामाजिकका साथसाथै धार्मिक सम्पदाको उत्खनन, संरक्षण र निर्माणमा लागिरहेको छ ।

संस्थाका अध्यक्ष ईश्वरमान श्रेष्ठको सभापतित्वमा भएको सभा उपस्थितमध्ये ज्येष्ठ सदस्य एवम् भैरवी भजनमण्डलका अध्यक्ष नारायणमान डङ्गोलले उद्घाटन गर्नुभएको थियो । कार्यक्रमलाई कार्यसमितिका सदस्य गौतममान सिंह, समाजसेवी विनोदराज श्रेष्ठलगायतले सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा आयव्यय विवरण उपाध्यक्ष रामलाल डङ्गोलले प्रस्तुत गर्नुभएको थियो ।

१५ सदस्यीय कार्यसमिति, २४ मानार्थ सदस्य, एक सय २६ आजीवन सदस्य र १७ साधारण सदस्य रहेको महासचिव कुवेरलाल श्रेष्ठले जानकारी दिनुभयो । कार्यसमितिको सचिवमा अनेश शाक्य, कोषाध्यक्षमा सरोज डङ्गोल र सदस्यमा शर्मिला श्रेष्ठ, सुमित्रा डङ्गोल, निशा खरेल, रविन डङ्गोल, शैलेन्द्र बज्राचार्य, भीमराज बज्राचार्य, प्रकाशवीर शाक्य, सुजित श्रेष्ठ र मीनहिरन बज्राचार्य हुनुहुन्छ ।

## यातायात क्षेत्रका समस्या पहिचान गर्न अध्ययन उपसमिति गठन

**हेटौँडा ।** बागमती प्रदेश सभा, सार्वजनिक लेखा समितिले बागमती प्रदेशभित्र यातायात क्षेत्रमा देखिएका समस्याको पहिचान गर्न अध्ययन उपसमिति गठन गरेको छ ।

प्रदेश सभा सदस्य इन्द्रप्रसाद गोतामेको अध्यक्षतामा गठित चार सदस्यीय उपसमितिमा मातृकाप्रसाद भट्टराई, राजेन्द्र प्रजापति र सरिता खड्की सदस्य रहनुभएको छ । यातायात क्षेत्रसँग सम्बन्धित गुनासा, उजुरी तथा समितिले विभिन्न समयमा दिएका निर्देशनको कार्यान्वयन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन बनाउने जिम्मेवारीसहित उपसमिति बनाइएको सार्वजनिक लेखा समितिका सभापति श्रीराम लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार उपसमितिलाई आवश्यक अध्ययन गरी आगामी साउन मसान्तसम्म प्रतिवेदन बुझाउन समय दिइएको छ ।

## उज्यालो नेपाल पार्टी रसुवाका अध्यक्षमा टेकबहादुर

**धुन्चे ।** उज्यालो नेपाल पार्टी रसुवा जिल्लाको सोमबार भएको पहिलो भेलाले जिल्ला कार्यसमितिको अध्यक्षमा टेकबहादुर तामाङलाई सर्वसम्मत चयन गरेको छ । कार्यसमितिका उपाध्यक्षमा उर्केनछोमो तामाङ, सचिवद्वयमा पाराङवास्याङ्वा तामाङ र मेन्दो तामाङ, कोषाध्यक्षमा श्याममाया तामाङ तथा सदस्यमा गोपाल ग्लान, छोवाङसोनाम वाइवा, किप्पाछिरिङ तामाङ, पासाङ तामाङ, लामादोर्जे तामाङ, सुकबहादुर लोप्चन, हर्कबहादुर लोप्चन, करिना थिङ, ल्हाचेन तामाङ, तुलुकर्मा लोप्चन, सञ्जय तितुङ, सेरछोवाङ लामा र अर्जुन तामाङ हुनुहुन्छ ।

केन्द्रीय अध्यक्ष कुलमान घिसिङले उद्घाटन गर्नुभएको भेलाले विधानअनुसार उज्यालो नेपाल युवा फ्रन्ट नेपाल रसुवा जिल्ला अध्यक्षमा तेन्जिङ तामाङ, उपाध्यक्षमा रामकुमार थिङ र थप एक उपाध्यक्ष सचिव, कोषाध्यक्ष चयन हुन बाँकी राखी सहसचिवमा अभिशेष तामाङ र सदस्यमा राजकुमार तामाङ, विशाल तामाङ, ऋषि बादी, सोमबहादुर तामाङ र वीरलाल तामाङलाई चयन गरेको छ ।






## उपाध्यक्ष कप छात्रा भलिबलको उपाधि सुन्दरालाई

**खरानीटार ।** तादी गाउँपालिकामा सञ्चालित दोस्रो उपाध्यक्ष कप अन्तरविद्यालय छात्रा भलिबल प्रतियोगिताको उपाधि सुन्दरा माविले जितेको छ। सुन्दराले ५० हजार नगदसहित मेडल, प्रमाणपत्र प्राप्त गरेको पालिका सदस्य शर्मिला उप्रेतीले जानकारी दिनुभयो। गाउँपालिकाको समन्वय तथा ग्रिन तारा फाउन्डेसनको आयोजनामा भएको प्रतियोगिताको उपविजेता रालुका माविले रु. ३५ हजार र तेस्रो हुने विज्ञान माविले रु. २५ हजार, प्रमाणपत्र, मेडल प्राप्त गरेका छन्।

विजयी विद्यालय र खेलाडीलाई पुरस्कृत गर्दै पालिका अध्यक्ष सन्तमान तामाङले खेल क्षेत्रको विकासबाट मानसिक, शारीरिक चेतनाको प्रवर्द्धन हुने बताउनुभयो। कार्यक्रममा पालिका उपप्रमुख सन्जु प्याकुरेल श्रेष्ठले छात्राहरूको खेल विकासका लागि भलिबल प्रतियोगिताले सहयोग पुग्ने बताउनुभयो। प्रतियोगिताको उत्कृष्ट खेलाडी सुन्दरा माविकी रश्मी तामाङ र रालुका माविकी लक्ष्मी शेर्पाले रु. ६ हजार पाँच सय पुरस्कार प्राप्त गरेको आयोजक संस्थाका टासी तेन्जिङ शेर्पाले 'त्रिशूली प्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो।

### जनज्ञानकी सदीक्षा

## निबन्ध प्रतियोगितामा प्रदेशकै प्रथम

**भद्रुटार ।** बागमती प्रदेश सरकार, सामाजिक विकास निर्देशनालय, शिक्षा विकास निर्देशनालयको आयोजनामा सम्पन्न भएको प्रदेशस्तरीय निबन्ध प्रतियोगितामा नुवाकोटकी सदीक्षा भण्डारी प्रथम हुनुभएको छ। पाण्डे जनज्ञान निकेतन माध्यमिक विद्यालय शिवपुरी-८ थानापतिमा अध्ययनरत हुन्। 'गणतन्त्र स्थापनाको १८ वर्ष : कार्यान्वयन र चुनौती' विषयक माध्यमिक विद्यालय तह (कक्षा ९-१२) स्तरीय प्रतियोगितामा भण्डारी प्रथम हुनुभएको छ। सामुदायिक विद्यालयका विद्यार्थी पनि प्रतिभा, मिहिनेत र सिर्जनशीलतामा कमी छैनन् भन्ने सन्देश उहाँले दिनुभएको छ।

सो प्रतियोगितामा रामेछापकी रिस्ता कार्की द्वितीय तथा सिन्धुलीका निराकर सिग्देल तृतीय भएको शिक्षा विकास निर्देशनालय हेटौँडाले जानकारी दिएको छ। प्रतियोगितामा काठमाडौँका अनुश्री मिश्र र आयुष घिमिरेले प्रोत्साहन पुरस्कार पाउनुभएको छ। प्रदेशभरबाट एक सय ६१ जना विद्यार्थी सहभागी भएको प्रतियोगिता गणतन्त्र दिवसको दिन जेठ १५ गते सम्पन्न भएको थियो। सामुदायिक विद्यालयले यो तहको सफलता पाउन सक्नु साँच्चै विद्यालय सुधारको सन्देश भएको स्थानीय समाजसेवी पदम उप्रेतीले बताउनुभयो।

## वैदेशिक लगानीमा निर्माणाधीन माथिल्लो त्रिशूली–१ भौतिक प्रगति ८२ प्रतिशत

❑ सरस्वती न्यौपाने

**धुन्चे ।** प्रत्यक्ष वैदेशिक लगानीमा निर्माणाधीन सबैभन्दा ठुलो जलविद्युत् आयोजना माथिल्लो त्रिशूली- १ जलविद्युत्‌ले निर्माणमा उल्लेख्य प्रगति हासिल गरेको छ। कोरियाली कम्पनीको अगुवाइमा प्रत्यक्ष वैदेशिक लगानीमार्फत निर्माणाधीन २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली- १ निर्माणमा उल्लेख्य प्रगति हासिल भएको प्रवर्द्धक कम्पनीले जनाएको छ।



उपकरण जडान सन् २०२६ डिसेम्बरसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको सो आयोजनामा हालसम्म ८२ प्रतिशत भौतिक प्रगति हासिल भएको जनाइएको छ। गत बिहीबार हाइड्रो मेकानिकलतर्फ महत्त्वपूर्ण संरचनाअन्तर्गत तीन वेयर गेटमध्ये एउटाको जडान तथा परीक्षण सञ्चालन गरिएको छ। सन् २०२४ र २०२५ मा त्रिशूली नदीमा आएको बाढीका कारण निर्माण प्रभावित भए पनि सन् २०२७ को मध्यसम्ममा सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण जारी छ।

आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत सोन् ुङ किमले वेयर गेट जडान तथा सञ्चालन सम्पन्न हुनु आयोजनाको महत्त्वपूर्ण उपलब्धि भएको बताउँदै निर्धारित समयभित्र आयोजना सम्पन्न गरिने प्रतिबद्धता जनाउनुभयो।

नदीको पानीको बहाव नियन्त्रण गरी विद्युत् उत्पादनका लागि सुरुङतर्फ मोड्ने, बाँधमा पानीको सतह कायम राख्ने तथा अतिरिक्त पानीलाई सुरक्षित रूपमा नदीमा पठाउने काम वेयर गेटमार्फत गरिन्छ। निर्माणका क्रममा गुणस्तर, सुरक्षा तथा वातावरणीय मापदण्डलाई उच्च प्राथमिकतामा राखिएको कम्पनीले जनाएको छ।

कोरियाली कम्पनीका अगुवाइमा निर्माण भइरहेको सो आयोजनाको बाँध तथा सम्बन्धित संरचना रसुवाको आमाछोदिङ्मो- १, हाकु क्षेत्रमा छ। भूमिगत विद्युत्‌गृह उत्तरगया- १ मा निर्माण भइरहेको छ। उत्पादित विद्युत् आन्तरिक खपतका लागि प्रयोग हुने माथिल्लो त्रिशूली- १ आयोजना प्रत्यक्ष वैदेशिक लगानीमा निर्माणाधीन ठुलो जलविद्युत् आयोजना हो। आयोजनाको मुख्य निर्माण वि.सं. २०७८ पुसदेखि सुरु गरिएको थियो। हाल ९.५ किलोमिटर लामो मुख्य सुरुङको कङ्क्रिट लाइनिङ भइरहेको छ। जटिल मानिएको दुई सय ९२ मिटर लामो ठाडो सुरुङ खन्ने काम पनि सकिएको छ। त्यस्तै, विद्युत्‌गृहको सिभिल संरचना निर्माण सम्पन्न गरी टर्बाइन, जेनेरेटरलगायत इलेक्ट्रोमेकानिकल उपकरण जडान जारी रहेको आयोजना व्यवस्थापनले जनाएको छ।

आयोजनाबाट वार्षिक एक अर्ब ५३ करोड ३१ लाख युनिट विद्युत् उत्पादन हुने अपेक्षा गरिएको छ। उत्पादित विद्युत्‌मध्ये ३८.७५ प्रतिशत हिउँदयाममा र ६१.२५ प्रतिशत वर्षायाममा उत्पादन हुनेछ। आयोजनाबाट उत्पादन हुने विद्युत् नेपाल विद्युत् प्राधिकरणको त्रिशूली- ३ 'बी' हब सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिनेछ। कम्पनी र प्राधिकरणबिच विद्युत् खरिद-बिक्री सम्झौता भइसकेको छ। काठमाडौँ लोड सेन्टरनजिक रहेको तथा हिउँदमा समेत १०४ मेगावाट स्थिर (फार्म) ऊर्जा उत्पादन हुने भएकाले माथिल्लो त्रिशूली- १ आयोजनालाई नेपालको विद्युत् प्रणालीका लागि महत्त्वपूर्ण आयोजनाका रूपमा हेरिएको छ।

## पाण्डेहरू संयुक्त 'वायुदृष्टि' राष्ट्र सङ्घको नवप्रवर्तन सूचीमा

**काठमाडौँ ।** नुवाकोट जिल्लाका दुई युवा प्रविधि उद्यमी शिवपुरी- ७ का सक्रिय पाण्डे र श्रीषा पाण्डेले संयुक्त रूपमा विकास गरेको 'वायुदृष्टि' संयुक्त राष्ट्र सङ्घको उत्कृष्ट विश्वव्यापी नवप्रवर्तन सूचीमा छनोट भएको छ। जलवायु प्रविधि क्षेत्रमा काम गर्दै आएको यो नेपाली नवप्रवर्तनलाई राष्ट्र सङ्घको आर्थिक तथा सामाजिक मामिला विभाग (युएन डेसा)ले प्रकाशन गरेको 'एसटिआई सोलुसन्स बुक २०२६' मा समावेश गरिएको हो।



विश्वभरबाट प्राप्त नौ सयभन्दा बढी डिजिटल तथा प्रविधिमूलक नवप्रवर्तनबिच प्रतिस्पर्धा गर्दै 'वायुदृष्टि' उत्कृष्ट ६० नवप्रवर्तनको सूचीमा नुवाकोट पर्न सफल भएको हो। दिगो विकास लक्ष्य (एसडिजी) हासिल गर्न योगदान पुर्‍याउने, व्यावहारिक तथा विश्वव्यापी रूपमा विस्तार गर्न सकिने समाधानका रूपमा यसलाई छनोट गरिएको बताइएको छ।

'वायुदृष्टि' नेपालमै विकास गरिएको एआई-आधारित वातावरणीय सूचना प्लाटफर्म हो। यसले वायु प्रदूषणलाई सर्वसाधारणले सहज रूपमा बुझ्न सक्ने गरी वास्तविक समयको वायु गुणस्तर जानकारी उपलब्ध गराउँछ। कम लागतका वायु गुणस्तर मापन उपकरण, भू-उपग्रहबाट प्राप्त डाटा, जमिनमा जडित सेन्सर तथा कृत्रिम बुद्धिमत्ताको प्रयोगमार्फत यसले प्रदूषणसम्बन्धी विश्लेषण र सूचना प्रदान गर्दै आएको छ। यो प्लाटफर्म बोट्स इन्डस्ट्रिज प्राइभेट लिमिटेडअन्तर्गत विकास गरिएको हो। यसका संस्थापकमा सक्रिय र सहसंस्थापक श्रीषा रहेका छन्।

सहसंस्थापक श्रीषा यही जुन ११ र १२ मा अमेरिकाको वासिङ्टन डिसीस्थित विश्व बैंकको मुख्यालयमा आयोजना हुने 'वर्ल्ड बैंक ग्रुप युथ समिट २०२६' मा नेपालका तर्फबाट सहभागी हुने बताइएको छ। सम्मेलनमा उहाँले नेपाली युवाको नवप्रवर्तन, डिजिटल अवसर तथा दिगो विकासका क्षेत्रमा नेपालको अनुभव अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्ने जनाइएको छ।

विश्व बैंक समूहद्वारा आयोजना हुने उक्त सम्मेलन विश्वभरका एक सय ७० भन्दा बढी देशका युवालाई जोड्ने प्रमुख अन्तर्राष्ट्रिय युवा मञ्चमध्ये एक मानिन्छ। श्रीषाको सहभागितालाई नेपाली युवाको बढ्दो अन्तर ाष्ट्रिय उपस्थिति र प्रविधि क्षेत्रमा देखिएको क्षमताको महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। विश्वभर वायु प्रदूषण, जलवायु परिवर्तन तथा सार्वजनिक स्वास्थ्यसम्बन्धी चुनौती बढिरहेका वेला 'वायुदृष्टि'ले समुदाय, विद्यालय, अनुसन्धानकर्ता, उद्योग तथा सरकारी निकायलाई भरपर्दो वातावरणीय तथ्याङ्क उपलब्ध गराउने लक्ष्य राखेको छ।

युएनको यस वर्षको प्रतिवेदनले सन् २०३० सम्मको दिगो विकास एजेन्डालाई सहयोग गर्ने विज्ञान, प्रविधि तथा नवप्रवर्तनमा आधारित समाधानलाई प्राथमिकतामा राखेको छ। विशेषगरी सफा पानी, स्वच्छ ऊर्जा, दिगो सहर, पूर्वाधार तथा साझेदारीसँग सम्बन्धित क्षेत्रमा प्रभावकारी योगदान दिने नवप्रवर्तनलाई सूचीमा समावेश गरिएको हो।

'वायुदृष्टि' टोलीले यस उपलब्धिलाई नेपालका लागि गौरवको विषय भएको जनाएको छ। टोलीद्वारा जारी वक्तव्यमा भनिएको छ, 'अदृश्य रहेको वायु प्रदूषणलाई देखिने र मापनयोग्य बनाउने उद्देश्यसहित हामीले यो यात्रा सुरु गरेका थियौँ। राष्ट्र सङ्घबाट प्राप्त यो मान्यताले नेपालबाटै विश्वस्तरीय प्रविधि निर्माण गर्न सकिन्छ भन्ने विश्वास अझ बलियो बनाएको छ।'

यो उपलब्धिले नेपालजस्ता विकासोन्मुख मुलुकबाट पनि युवाको नेतृत्वमा विश्वस्तरीय प्रविधि विकास हुन सक्ने सम्भावना उजागर गरेको छ। नवीन सोच, निरन्तर अनुसन्धान र प्रतिबद्धतामार्फत नेपाली युवाले विश्वमञ्चमा प्रभावकारी उपस्थिति जनाउन सक्छन् भन्ने उदाहरणका रूपमा 'वायुदृष्टि'लाई हेरिएको छ।

टोलीले आगामी दिनमा नेपालभित्र तथा बाहिर वातावरणीय सूचना सञ्जाल विस्तार गर्दै सफा हावा, स्वस्थ समुदाय र दिगो भविष्य निर्माणमा थप योगदान दिने प्रतिबद्धता व्यक्त गरेको छ।

## 'खानेपानी अक्षयकोष' ...

जुटाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने व्यवसायी एवम् समाजसेवी विनोदराज श्रेष्ठलाई विशेष सम्मान र अन्य एक सय चार दातालाई सम्मान गरिएको भजनमण्डलका अध्यक्ष नारायणमान डङ्गोलले 'त्रिशूलीप्रवाह' साप्ताहिकलाई जानकारी दिनुभयो। मन्दिरपरिसरमा पिउने पानी व्यवस्थाका लागि सामाजिक सञ्जाल फेसबुकमार्फत सहयोगको आह्वान गरिएको थियो। सम्मान ग्रहण गर्दै कार्यक्रममा विनोदराजले भन्नुभयो, 'सहयोग जुटाउन उत्प्रेरणा दिनुहुने नुवाकोट स्वयम्भू महाचैत्य संरक्षण संस्थाको अध्यक्ष ईश्वरमान श्रेष्ठले पाँच वर्षअगाडि मन्दिरमा दर्शनार्थी भक्तजनलाई पिउने पानीको अभाव छ, एउटा अक्षयकोष खडा गर्न पाए त्यसैको ब्याज रकमले पानी किनेर भए पनि पिउने पानी उपलब्ध हुन सक्ने कुरा राख्नुभएपछि सहयोग जुटाउन सुरु गरिएको थियो,' 'भजनमण्डलसँग समन्वय र सहकार्य गरेर मेरो नेतृत्वमा सामाजिक सञ्जाल फेसबुकमार्फत सहयोगको आह्वान गरेको थिएँ। सो आह्वानलाई स्थानीय, देश-विदेशमा रहेका भक्तजन र दाताबाट स्वस्फुर्त प्राप्त आर्थिक सहयोगबाट खर्च कटाएर रु. आठ लाखको अक्षयकोष स्थापना गरिएको छ। अहिले मन्दिरमा पिउने पानी र शौचालयसमेतलाई पुग्ने गरेर पानीको विगत एक वर्षदेखि व्यवस्था गरिएको छ।'

### सातदिने सूचना

नुजि साविक विदुर- ८, हाल विदुर नपा- ५ को कित्ता नम्बर ११४२ को क्षेत्रफल १-१४-३-१ को जग्गामा पशुपक्षीपालन गर्ने उद्देश्यले **भुजेल पोल्ट्री फर्म** स्थापना गर्न लागिएको हुँदा सो फर्मले त्यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक र रासायनिक तथा जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा सो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र स्थानीयले लिखित राय-सुझाव भए दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**राय–सुझाव दिने स्थान**
वि.न.पा. वडा नम्बर ५ को कार्यालय, नुवाकोट
उद्योग तथा वाणिज्य कार्यालय, विदुर, नुवाकोट

**निवेदक**
**नाम** : रविन भुजेल
**ठेगाना** : विदुर-५, पिपलटार, नुवाकोट

**सम्पर्क नं. : ९८१३४८०८८३**


सम्पूर्ण स्टेसनरी र खेलकुद सामग्री सुपथ मूल्यमा उपलब्ध छ



सम्पूर्ण स्टेसनरी र खेलकुद सामग्री तथा किताब, कापी, कुरियर तथा कार्गो र छपाइका सम्पूर्ण सामग्री होलसेल तथा खुद्रा तपाईंले नसोचेको मूल्यमा उपलब्ध छ।

उत्सुक बुक्स एन्ड स्टेसनरी केन्द्र
विनपा-२, सञ्चारचोक, नुवाकोट
सम्पर्क नम्बर : ९८५१००२९३८/९८४१९१५७२७/०१०-५६०४१९









## सम्भाव्यता अध्ययनमा ...

खण्ड छ । नुवाकोटमा जल, जमिन, विद्युत् पर्याप्त र सहज भएकाले सुरुङमार्ग निर्माणपछि नुवाकोटको आर्थिक कायापलट हुनेसमेत उहाँले बताउनुभएको छ ।

सरकारले आगामी वर्षको बजेटबाट रु. एक अर्ब २५ करोड गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनाका लागि विनियोजन गरेको छ । निर्माण सुरु भएको ११ वर्षमा बल्ल ४८ प्रतिशत निर्माण पूरा भएको छ । निर्माणलाई तीन खण्डमा विभाजन गरी सुरु भएको योजनाको काम पहिलो खण्डको मात्र लगभग ८२ प्रतिशत सम्पन्न भएको छ । पहिलो खण्ड गल्छी-त्रिशूली-मैलुङ ४६ किलोमिटर, दोस्रो खण्ड मैलुङ-स्याफ्रुबेँसी १९ किलोमिटर, तेस्रो खण्ड स्याफ्रुबेँसी-रसुवागढी १७ किलोमिटर गरी जम्मा ८२ किलोमिटर छ । आव २०७२/०७३ मा निर्माण सुरु गरिएको सडक निर्माणमा पटकपटकको अवरोधले काम अगाडि बढ्न सकेन । सो खण्डमा ठेकेदारले ४६ किलोमिटर निर्माण गर्नुपर्ने सम्झौता भएकामा ३८ किलोमिटर सम्पन्न गरेर विगत एक वर्षदेखि काम गर्ने क्षेत्र नहुँदा कार्यक्षेत्रमै यन्त्र उपकरण र कामदारसहित कुरिरहेको छ ।

तत्कालीन केपी शर्मा ओली नेतृत्व सरकारले राष्ट्रिय गौरवको योजनामा समावेश गरेर सुरु गरेको सो सडकका तीन मध्येको स्याफ्रुबेँसी-रसुवागढी खण्डको निर्माणको जिम्मा लिएको चिनियाँ ठेकेदार कम्पनी गत कात्तिकदेखि कार्यक्षेत्रमा फर्किएको छ । दोस्रो खण्ड मैलुङ-स्याफ्रुबेँसी सडकमा निर्माण व्यवसायी काम छाडेर सम्पर्कविहीन भएपछि अघिल्लो वर्ष प्रक्रिया पुऱ्याएर सम्झौता तोडी नयाँ ठेक्का लगाउने तयारी अगाडि बढाइए पनि बजेट सुनिश्चित नहुँदा बोलपत्र हुन सकिरहेको थिएन । आगामी वर्षको बजेटमा सो खण्डको टेन्डर हुने कार्यालयले जनाएको छ । तेस्रो खण्ड स्याफ्रुबेँसी-रसुवागढीको निर्माणको जिम्मा लिएको चिनियाँ चाइना तिब्बेत टिएनल कम्पनी लिमिटेडले वि.सं. २०७६ असोजमा काम गर्ने भनेर शिलान्याससमेत गरे पनि चार महिना अगाडिदेखि मात्र कार्यक्षेत्र फर्किएर काम सुरु गरेको छ । सो खण्ड चीन सरकारले आफ्नै खर्चमा निर्माण गर्ने सम्झौता भएको छ । नेपाल सरकारले सडक क्षेत्र खाली गराउनुपर्ने तथा काम गर्नका लागि आवश्यक सहयोग तथा समन्वय गर्नुपर्ने सम्झौतामा उल्लेख भएको कार्यालयले बताएको छ ।

तत्कालीन भारतीय नाकाबन्दीसँगै नेपाल र चीनबिच रसुवागढी केरुङबाट हुने आर्थिक गतिविधि तथा व्यापारिक कारोबारलाई छिटो, छरितो र सहज तुल्याउने उद्देश्यले योजनाको पहिलो चरणअन्तर्गत गल्छी-त्रिशूली-मैलुङ ४६ किलोमिटर सडक वि.सं. २०७३ कात्तिक ७ देखि निर्माण थालिएको थियो । आव २०७७/०७८ मा सम्पन्न गर्नुपर्ने कुल ८२ किलोमिटर सडक १० वर्ष बितिसक्दा पनि लगभग ३८ किलोमिटर मात्र सम्पन्न भएको जानकारी कार्यालयले दिएको छ । यी सबै पहिलो खण्डको मात्र निर्माण सम्पन्न भएको हो । अरू दुई खण्डमध्ये दोस्रो खण्ड मैलुङ-स्याफ्रुबेँसीको १९ किलोमिटरमा केही काम गरेर ठेकेदार बेपत्ता भएपछि निर्माण बन्द छ । त्यस्तै तेस्रो खण्ड स्याफ्रुबेँसी-रसुवागढीको १७ किलोमिटरको काम भर्खर सुरु भएको छ । पहिलो खण्ड विदुर नगरपालिकाको गँगटे-ढुङ्गेमा काम सुरु हुन लागेको छ । अदालतबाट यस क्षेत्रका घर-टहरा र उचित मुआब्जा दिनू भनी आदेश भए पनि चार सय ८० घरटहरा हटाउनुपर्नेमा अझै २० प्रतिशतको मुआब्जाको काम सुरु भएको छैन । गँगटे-ढुङ्गे खण्डमा विद्युत् तथा टेलिकमका खम्बा हटाउन, रूख काट्न, खानेपानीको पाइप व्यवस्थापन गर्न र ढलको काम सुरु नहुँदा सडक विस्तार अनिश्चित बनेको सडक सरोकार नागरिक समितिका इन्द्रबहादुर पण्डितले बताउनुभयो ।

## कर्मचारीको तलब ...

यो चालू आर्थिक वर्षको संशोधित खर्च अनुमानको तुलनामा रु. ७० अर्ब ६६ करोड ४४ लाखले बढी हो । चालू आवमा सरकारले कर्मचारीको तलब र भत्तामा रु. एक खर्ब ३७ अर्ब ७८ करोड ६४ लाख खर्च हुने अनुमान गरेको छ । त्यस्तै, त्यसअघि आव २०८१/०८२ मा सरकारले कर्मचारीको तलब भत्तामा रु. एक खर्ब ३१ अर्ब आठ करोड ३७ लाख वास्तविक खर्च गरेको थियो ।

निजामती कर्मचारीको सबैभन्दा माथिल्लो पद मुख्यसचिवको तलब ग्रेडसमेत जोड्दा रु. एक लाखहाराहारीमा पुग्नेछ । यसैगरी सबैभन्दा तल्लो तहको कर्मचारीको तलब ग्रेडसहितको रकम जोड्दा रु. ४० हजारहाराहारीमा हुनेछ । पहिलादेखि नै प्राप्त हुँदै आएको रु. पाँच हजार महँगी भत्ता कायमै राखिएको छ । यसपटकदेखि पद र तहअनुसार प्रोत्साहन रकम दिने व्यवस्था गरिएको छ । प्रोत्साहन भत्ता सबैभन्दा तल्लो तहमा रु. तीन हजार ३७ र सबैभन्दा माथिल्लो तहमा रु. आठ हजार चार सय ९३ छ । नयाँ तलबमान स्केल आगामी साउन १ देखि लागू हुने बताइएको छ । अहिले बढेको तलबमानअनुसार मुख्यसचिवको तलब रु. ९८ हजार चार सय २५ हुनेछ । यसमा ग्रेड जोड्ने हो भने रु. एक लाखहाराहारीमा पुग्नेछ । यसैगरी कार्यालय सहयोगीको तलब रु. ३८ हजार चार सय एक हुनेछ । यसमा ग्रेडसमेत जोड्दा रु. ४० हजारहाराहारी हुनेछ ।

हाल कार्यालय सहयोगीको तलब रु. २७ हजार ६ सय ११ र मुख्यसचिवको तलब रु. ७७ हजार दुई सय ११ छ । अब खरिदारको तलब रु. ४४ हजार आठ सय १० र नायब सुब्बाको तलब रु. ४७ हजार २३ हुनेछ । हाल खरिदारको तलब रु. ३२ हजार नौ सय एक र नासुको तलब रु. ३४ हजार सात सय ३० छ । यसैगरी अब शाखा अधिकृतको तलब रु. ५७ हजार आठ सय ६४ र उपसचिवको तलब रु. ६३ हजार नौ सय ७१ हुनेछ । हाल शाखा अधिकृतको तलब रु. ४३ हजार ६ सय ८९ र उपसचिवको तलब रु. ४८ हजार सात सय ३७ छ । यसैगरी अब सहसचिवको तलब रु. ७३ हजार सात सय १३ र सचिवको तलब रु. ९२ हजार दुई सय १२ हुनेछ । हाल सहसचिवले रु. ५६ हजार सात सय ८७ तथा सचिवले रु. ७२ हजार ८२ बुझ्ने गरेका छन् । 'पछिल्लो चार वर्षदेखि राष्ट्रसेवक कर्मचारीको तलब वृद्धि नभएको, यस अवधिमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मूल्यवृद्धि १७.३ प्रतिशत भएको र मर्यादित जीवनयापनका लागि पारिश्रमिक सुविधा पुनरवलोकन गर्नुपर्ने महसुस गरेको छु,' आव २०८३/०८४ को बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले भन्नुभयो, 'कर्मचारीले हाल प्राप्त गरिरहेको महँगी भत्तालाई निरन्तरता दिँदै सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरेको छु । कार्यसम्पादनमा आधारित पारिश्रमिक प्रणालीको सुरुवात गर्न नयाँ तलबमानको १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु । यसबाट हाल खाइपाइ आएको पारिश्रमिकमा करिब २१ प्रतिशत खुद वृद्धि भई ग्रेडसहित न्यूनतम पारिश्रमिक करिब रु. ४० हजारदेखि रु. एक लाखभन्दा माथि कायम हुनेछ ।'

आव २०७९/०८० देखि कर्मचारीको तलब बढेको थिएन । त्यतिवेला निजामती कर्मचारी र शिक्षकको तलब १५ प्रतिशतले वृद्धि गर्ने घोषणा गरिएको थियो । हाल कर्मचारीको न्यूनतम तलब रु. २७ हजार ६ सय १२ र अधिकतम तलब रु. ७७ हजार दुई सय ११ छ । अर्थात् कार्यालय सहयोगीको तलब रु. २७ हजार ६ सय १२ र मुख्यसचिवको तलब रु. ७७ हजार दुई सय ११ छ । बजेट भाषणअघि सरकारले मुख्यसचिव सुमनराज अर्यालको संयोजकत्वमा गठित कर्मचारीको तलब-भत्ता पुनरवलोकन गर्न पुनरवलोकन समिति गठन गरेको थियो । उक्त समितिले निजामती कर्मचारीको न्यूनतम तलब रु. ३५ हजारदेखि अधिकतम तलब रु. एक लाख २१ हजार पुऱ्याउन सरकारलाई सिफारिस गरेको थियो । निजामती सेवा ऐन, २०४९ को दफा २७ मा नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरवलोकन गर्न एक तलब भत्ता पुनरवलोकन समिति गठन गर्ने व्यवस्था गरिएको छ ।

## पार्टी जागरणको ...

ओलीनिकट अर्का केन्द्रीय सदस्य विन्दा ढुङ्गानालाई तादी, पञ्चकन्या र तारकेश्वर गाउँपालिकामा पार्टी सङ्गठन विस्तार र पुराना कार्यकर्ता तथा मतदातालाई सङ्गठित गर्ने जिम्मा दिइएको छ । एमालेले अर्का पूर्वकेन्द्रीय सदस्य प्रभावशाली युवा नेतृ उषाकिरण तिमिल्सिनालाई म्याग‌ङ र किस्पाङ गाउँपालिकाको जिम्मेवारी दिइएको छ । उहाँ पुसमा सम्पन्न ११औँ महाधिवेशनमा ईश्वर पोखरेल नेतृत्वको टिमबाट केन्द्रीय सदस्यमा पराजित नेता हुनुहुन्छ । पार्टी निर्णयको विरुद्ध वेलावेलामा आवाज उठाउँदै चर्चामा आउनुभएकी तिमिल्सनालाई जिल्लाको माथिल्लो भेगका दुई पालिकाको कमान्डर बनाइएको छ भने 'मिसन पार्टी जागरण' अभियानका लागि नुवाकोट जिल्ला संयोजकको जिम्मेवारी केन्द्रीय सदस्य ढुङ्गानालाई दिइएको छ ।

एमालेले सङ्गठन सुदृढीकरण पार्टी गतिविधिलाई जनस्तरसम्म विस्तार तथा कार्यकर्तालाई सक्रिय बनाउने उद्देश्यसहित अभियान सञ्चालन गर्न लागेको छ । गत फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा क्षेत्र नम्बर १ मा चौथो र क्षेत्र नम्बर २ मा तेस्रो मत पाएको एमालेले वि.सं. २०७९ को स्थानीय निर्वाचनमा १२ वटा पालिकाको प्रमुख, उपप्रमुखमध्ये किस्पाङको प्रमुख मात्र जितेको थियो । किस्पाङमा केन्द्रीय निर्देशनविपरीत उक्त निर्वाचनमा एमाले र माओवादी केन्द्रको स्थानीय कार्यकर्ताले गठबन्धन रहेको थियो । त्यसैगरी, २०७९ को प्रदेश सभा सदस्य निर्वाचनमा जिल्लाको चारवटा क्षेत्रमा पराजय भोगेको एमालेलाई पहिलो बनाउने जिम्मा केन्द्रले पाण्डेद्वय, ढुङ्गाना र तिमल्सिनालाई दिएको छ । आगामी स्थानीय तहको निर्वाचनमा जिम्मा पाएको पालिकामा उम्मेदवार सिफारिस गर्नेसमेत अधिकार नेतारूले पाएका छन् ।

## त्रिभुवन त्रिशूली ...

वरपरका क्षेत्र गहिरो शैक्षिक अन्धकारमा रुमल्लिरहेका वेला सोही वर्ष चैत ९ गते शिक्षासेवी चक्रमान शाक्यको अनवरत र अथक प्रयासमा विद्यालय स्थापना भएको हो । सुरुवाती दिनमा विद्यालयको आफ्नै भवन नभएकाले त्रिशूलीको किनार तथा स्थानीय बजारमा रहेका ६ पुराना पौवामा कक्षा सञ्चालन हुँदै आएको थियो । घाम लाग्दा तातिने र पानी पर्दा चुहिने तिनै पौवा देखेर स्थानीय मनकारी दाता तुलसीदास अमात्यले प्रदान गरेको जग्गामा ५३ फिट लामो बाँसको टहरा निर्माण गरी पठनपाठनलाई व्यवस्थित बनाइयो । वि.सं. २०१५ पुस ११ गते तत्कालीन राजा महेन्द्रबाट विद्यालय भवनको शिलान्यास भयो । वि.सं. २०२२ मा सोही पक्की भवनको उद्घाटनपछि मात्र विद्यालयको भौतिक संरचनाको जग बलियो बनेको थियो । वि.सं. २०१७ असोज ९ गते तत्कालीन शिक्षामन्त्री परशुनारायण चौधरीले 'त्रिभुवन त्रिशूली मिडिल स्कुल'लाई 'त्रिभुवन त्रिशूली हाइस्कुल'मा परिणत गर्नुभएको थियो ।

वि.सं. २०२० मा कामकाजी प्रौढ तथा न्यून वैतनिक कर्मचारीको शैक्षिक योग्यता अभिवृद्धि र वृत्तिविकासमा सहयोग पुऱ्याउने उद्देश्यले रात्रिकालीन कक्षासमेत सञ्चालन गरियो । त्रिभुवन त्रिशूली व्यावसायिक माध्यमिक विद्यालयमा रूपान्तरण गरिएपछि यसले व्यावसायिक शिक्षाको जगलाई अझ फराकिलो र बलियो बनायो । शिक्षा क्षेत्रमा आएको नयाँ आयामलाई आत्मसात् गर्दै वि.सं. २०५० साउन २५ गते विद्यालयलाई 'त्रिभुवन त्रिशूली उच्च माध्यमिक विद्यालय'मा परिणत गरियो । सोही वर्ष असोज २८ को उमा शिक्षा परिषद्को निर्णयअनुसार वाणिज्य विषय र वि.सं. २०५२ असार २५ को निर्णयअनुसार शिक्षा विषयको कक्षा सञ्चालन गर्न अनुमति प्राप्त भयो । विद्यालयको प्राज्ञिक उचाइ तब अझ थपियो, जब वि.सं. २०५५ असार २८ को उमाशिपको निर्णयअनुसार विज्ञान विषय थप गरियो । सोही सम्बन्धन र निरन्तरताको फलस्वरूप शैक्षिक सत्र २०६३ देखि पूर्ण रूपमा विज्ञान सङ्काय सञ्चालनमा ल्याइयो, जसले जिल्लामै पहिलो र एक मात्र विज्ञान विषय अध्यापन हुने विद्यालयका रूपमा स्थापित गरायो जुन पहिचान आजको दिनसम्म पनि अक्षुण्ण छ । आधुनिक युगको डिजिटल मागलाई सम्बोधन गर्दै शैक्षिक सत्र २०६६/०६७ देखि व्यवस्थापन सङ्कायअन्तर्गत 'कम्प्युटर विज्ञान' विषयको अध्यापन प्रारम्भ गरियो ।

वि.सं. २०७३ मा नेपाल सरकार शिक्षा विभागद्वारा विद्यालयलाई 'नमुना विद्यालय विकास योजना'मा छनोट गरेपछि नयाँ उत्साहका साथ कार्ययोजना अघि बढ्यो । वि.सं. २०७४ देखि प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट सम्बन्धन प्राप्त गरी ६ सेमेस्टर प्रणालीको 'डिप्लोमा इन सिभिल इन्जिनियरिङ' कार्यक्रम सफलतापूर्वक सञ्चालन भइरहेको छ । समयको माग र अभिभावकको चाहनालाई सम्बोधन गर्दै वि.सं. २०७८ देखि कक्षा १० सम्म पूर्ण रूपमा निःशुल्क अङ्ग्रेजी माध्यममा पठनपाठन सञ्चालन गरिएको छ ।

समय बदलिँदै जाँदा र निजी विद्यालयको आकर्षण बढ्दो रूपमा देखिँदा 'सामुदायिक विद्यालयमा राम्रो पढाइ हुँदैन' भन्ने एक किसिमको सामाजिक भाष्य स्थापित भयो, जसको प्रत्यक्ष असर यस विद्यालयमा पनि पऱ्यो । त्यसमाथि वि.सं. २०७२ को गोरखा भूकम्पले विद्यालयको ऐतिहासिक भौतिक संरचनालाई क्षतविक्षत बनाइदियो । नेपाल-भारत विकास सहकार्यअन्तर्गत आधुनिक एवम् प्रविधिमैत्री पूर्वाधार र एसियाली विकास बैंकका सहयोगमा नयाँ विद्यालय भवन तथा अत्याधुनिक प्रयोगशाला भवन निर्माण भयो । हाल कक्षा ६ देखि १२ सम्मको पठनपाठन तिनै सुविधायुक्त र सुरक्षित संरचनामा सञ्चालन भइरहेको छ । प्रारम्भिक बाल विकासदेखि कक्षा पाँचसम्म छुट्टै ब्लकमा कक्षा सञ्चालन भइरहेका छन् । प्रदेश सरकारका सहयोगमा दुईकोठे भवन निर्माण भए पनि विद्यार्थीको अत्यधिक चापलाई मध्यनजर गर्दै यस क्षेत्रमा थप भौतिक सुधार र कक्षाकोठा व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता र चुनौती कायमै छ ।

एसईईको ढोका पार गरेपछि विद्यार्थी कुन बाटो रोज्ने भन्ने दोसाँधमा रहेका विद्यार्थीको फरक-फरक करियर लक्ष्यलाई सम्बोधन गर्न विविध र विशिष्टीकृत विषय समूह सञ्चालनमा ल्याएको छ । विज्ञान समूहअन्तर्गत भौतिकशास्त्र, रसायनशास्त्र, जीवविज्ञान र कम्प्युटर विज्ञान पढाइन्छ जसले भविष्यमा मेडिसिन, इन्जिनियरिङ, बिएस्सी नर्सिङ वा आइटी क्षेत्रमा जान चाहने विद्यार्थीलाई आफ्नै जिल्लामा सस्तो र गुणस्तरीय आधार प्रदान गर्छ । व्यवस्थापन समूहमा होटेल व्यवस्थापन, कम्प्युटर विज्ञान र बिजनेस स्टडिजसहितको विधा आधुनिक बैंकिङ, उद्यमशीलता र आतिथ्य क्षेत्रमा भविष्य खोज्नेका लागि उपयुक्त छ । शिक्षा समूह अनिवार्य तथा ऐच्छिक अङ्ग्रेजी, नेपाली र गणित विषयसहित देशको शिक्षा प्रशासन र शिक्षण पेसामा लाग्न चाहनेका लागि केन्द्रित छ भने प्राविधिकधारतर्फ ६ सेमेस्टर प्रणालीको 'डिप्लोमा इन सिभिल इन्जिनियरिङ' कार्यक्रम सफलतापूर्वक सञ्चालन भइरहेको छ, जसले तत्कालै बजारमा बिक्ने जनशक्ति तयार गरिरहेको छ ।

सूचना प्रविधियुक्त कक्षाकोठामा राखिएका 'स्मार्ट बोर्ड' तथा शिक्षक र विद्यार्थीका लागि ' डिजिटल हाजिरी'को व्यवस्थाले विद्यालयलाई आधुनिक बनाएको छ । यहाँ 'स्मार्ट आइडी कार्ड'मार्फत विद्यार्थी स्कुलभित्र प्रवेश गरेको वा बाहिरिएको जानकारी अभिभावकले घरमै बसेर मोबाइलमा पाउने 'स्टुडेन्ट ट्र्याकिङ सिस्टम' र सम्पूर्ण विद्यालय परिसरमा सिसिटिभी क्यामेराको २४सै घण्टा निगरानीको व्यवस्था छ । विज्ञानका विद्यार्थीका लागि अत्याधुनिक फिजिक्स, केमेस्ट्री र बायोलोजी ल्याब मात्र होइन, कम्प्युटर विज्ञानका लागि अलग्गै ल्याब र अनलाइन सामग्रीका लागि सुविधासम्पन्न इ-लाइब्रेरीको व्यवस्था छ । होटेल व्यवस्थापन पढ्नेका लागि व्यावसायिक किचेनसहितको आधुनिक 'हस्पिटालिटी ल्याब' र टाढाबाट आउने विद्यार्थीका लागि आफ्नै 'स्कुल बस'को सुविधा छ । त्यस्तै 'हरित विद्यालय'को अवधारणाअनुरूप आकर्षक बगैँचा निर्माण गरिएको छ ।

विद्यालयको इतिहासको सबैभन्दा स्वर्णिम र मानवीय पक्ष यसको 'महिला फिडर छात्रावास' हो । वि.सं. २०३८ मा स्थापित सो छात्रावासले समग्र 'पश्चिम १ नम्बर' क्षेत्रकै महिला शिक्षाको जग बलियो बनाउन ऐतिहासिक भूमिका खेलेको छ । दुर्गम गाउँका छात्रा सहर वा सदरमुकाम बसेर पढ्न सक्ने आर्थिक र सामाजिक अवस्था नभएको त्यस जमानामा यस छात्रावासले तिनलाई सुरक्षा र शिक्षा दुवै दियो । आज पनि सो परम्परा अझ परिष्कृत रूपमा जीवित छ । हाल नुवाकोट, रसुवा र धादिङ जिल्लाबाट छनोट भएका विज्ञान विषय अध्ययन गर्ने विपन्न तथा जेहेनदार छात्राका लागि पूर्ण रूपमा निःशुल्क खाना, खाजा र आवाससहित छात्रावासमा ३० छात्रा अध्ययनरत छन् । यसले लैङ्गिक समता र दुर्गमका प्रतिभालाई विज्ञान शिक्षामा ल्याउन ठुलो गुन लगाएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट 'विज्ञान प्रवर्द्धन कार्यक्रम'का लागि छनोट भएपश्चात् विद्यालयले वैज्ञानिक र प्रयोगात्मक शैक्षिक गतिविधिलाई तीव्र बनाएको छ । सिभिल इन्जिनियरिङ र होटेल व्यवस्थापनजस्ता व्यावसायिक विधाको सञ्चालनले विद्यालय अब परम्परागत साधारण शिक्षाबाट देशलाई आवश्यक पर्ने दक्ष प्राविधिक र सिपयुक्त जनशक्ति उत्पादन गर्नेतर्फ रूपान्तरित हुँदै गइरहेको सङ्केत गर्छ ।

यसै शैक्षिक सत्रदेखि विद्यालयलाई समग्र मुलुककै एक अग्रणी र नमुना शैक्षिक केन्द्र तथा 'सेन्टर अफ एक्सेलेन्स' बनाउन एउटा महत्त्वाकाङ्क्षी र नवप्रवर्तनात्मक रणनीतिक कार्ययोजना अघि सारिएको छ । यसअन्तर्गत अत्याधुनिक 'नवाचार प्रयोगशाला' स्थापना र 'स्मार्ट क्लास' सुदृढीकरण गर्दै शिक्षण सिकाइलाई केवल सैद्धान्तिक नबनाई अनुसन्धानमुखी र प्रविधिमैत्री बनाइनेछ । विद्यार्थीको वैज्ञानिक चेतना र नवप्रवर्तनलाई प्रोत्साहन गर्न 'विज्ञान प्रदर्शनी तथा आविष्कार मेला' आयोजना गरिनेछ । कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीको उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न नियमित कक्षाका साथै राष्ट्रियस्तरका प्रवेश परीक्षा तयारी कक्षा विद्यालयकै कार्यतालिकामा एकीकृत गरी सञ्चालन गरिएको छ । स्थायी ' करिअर काउन्सिलिङ सेल' स्थापना गरी विद्यार्थीलाई क्षमता पहिचान, वृत्ति विकास र विभिन्न छात्रवृत्तिका अवसरबारे निरन्तर परामर्श दिइएको छ ।

होटेल व्यवस्थापनका विद्यार्थीको प्रयोगात्मक सिप तिखार्न विद्यालयभित्रै 'मिनी-होटल/क्याफे'का रूपमा नियमित अभ्यास गराइनेछ भने ब्यारिस्टा र बेकरीसम्बन्धी थप सिपमूलक तालिम प्रदान गरिएको छ । कम्प्युटर विज्ञानका विद्यार्थीलाई बजारको मागअनुसार प्रोग्रामिङ, कोडिङ र सफ्टवेयर विकासको व्यावहारिक तालिम प्रदान गरिनेछ । सैद्धान्तिक ज्ञानलाई व्यावहारिक रूप दिन विज्ञान, इन्जिनियरिङ र होटेल व्यवस्थापनका विद्यार्थीलाई जलविद्युत् आयोजना, वैज्ञानिक अनुसन्धान केन्द्र र प्रसिद्ध हस्पिटालिटी हबमा अनिवार्य औद्योगिक अवलोकन तथा स्थलगत अध्ययन भ्रमणको व्यवस्था गरिनेछ । विद्यालयको सम्पूर्ण प्रशासन, आर्थिक पारदर्शिता, विद्यार्थीको दैनिक हाजिरी र परीक्षाको नतिजा विश्लेषणलाई एकीकृत डिजिटल एपमार्फत अभिभावकको मोबाइलसम्म प्रत्यक्ष पहुँच पुऱ्याइनेछ । विद्यार्थीको वैयक्तिक सिकाइस्तर पहिचान गरी उपचारात्मक कक्षा, साप्ताहिक परीक्षण र तथ्यमा आधारित नतिजा विश्लेषण पद्धति लागू गरिएको छ । जेहेनदार, पिछडिएका, विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीका लागि विशेष छात्रवृत्ति योजना र 'मेधावी प्रोत्साहन' कार्यक्रम लागू गरी शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरिएको छ । देशविदेशमा विभिन्न क्षेत्रमा स्थापित पूर्वविद्यार्थीलाई वर्तमान विद्यार्थीको वृत्ति विकास, मेन्टरसिप र जेहेनदार छात्रवृत्ति कोष स्थापनामा सक्रिय रूपमा आबद्ध गराइनेछ ।

विद्यार्थीको संवेगात्मक सुस्वास्थ्यलाई मध्यनजर गर्दै परीक्षाको तनाव व्यवस्थापन, आत्मविश्वास अभिवृद्धि र किशोरकिशोरीका समस्या समाधानका लागि विद्यालयमा नियमित 'मनोसामाजिक परामर्श सेवा' व्यवस्था गरेको छ । विद्यालयको ऐतिहासिक विरासतलाई जीवन्त राख्न विगतमा प्रयोग भएका ऐतिहासिक शिक्षण सामग्री र नुवाकोटको रैथाने कला, संस्कृति एवम् परम्परागत कृषि औजार समेटेर विद्यालयपरिसरमा 'शैक्षिक तथा स्थानीय सम्पदा सङ्ग्रहालय' स्थापना गर्ने योजना बनाएको छ । पुरानो बगैँचालाई परिमार्जन गरी वैज्ञानिक वर्गीकरणसहितको ' बोटानिकल गार्डेन'मा रूपान्तरण गरिएको छ जहाँ प्रत्येक वनस्पतिको वैज्ञानिक परिचय र उपयोगिता समेटिएको 'क्युआर कोड' प्रविधिसमेत जडान गर्ने योजना विद्यालयको छ । खेलमैदानको आधुनिक स्तरोन्नति गर्दै व्यावसायिक खेल प्रशिक्षकमार्फत नियमित प्रशिक्षणको व्यवस्था गरी विद्यालयभित्रै 'त्रिशूली स्पोर्ट्स् लिग' सुरुआत भइरहेको छ । व्यवस्थापनका विद्यार्थीका लागि बैंकिङ प्रणाली, डिजिटल भुक्तानी र वित्तीय व्यवस्थापनको व्यावहारिक ज्ञान दिन स्थानीय बैंकसँग सहकार्य गरिएको छ । छात्राको आत्मविश्वास र सुरक्षाका लागि 'आत्मरक्षा तालिम' सुरुआत गरिएको छ । प्रत्येक विद्यार्थीको शैक्षिक नतिजा, खेलकुद र प्रयोगात्मक परियोजना समेटेर 'विद्यार्थी पोर्टफोलियो' तयार गरिन्छ जसले उनीहरूलाई उच्च शिक्षा र रोजगारी प्राप्त गर्न आधुनिक बायोडाटाका रूपमा काम गर्नेछ ।

'हामी विद्यालयलाई केवल परीक्षा पास गराउने संस्थाका रूपमा होइन, जीवनका लागि सक्षम नागरिक तयार गर्ने सिकाइ केन्द्रका रूपमा विकास गर्न चाहन्छौँ । पछिल्ला वर्षमा प्राप्त शैक्षिक उपलब्धि हाम्रो गन्तव्य होइन, यात्राको सुरुआत मात्र हो । अब हाम्रो लक्ष्य प्रत्येक विद्यार्थीलाई विज्ञान, प्रविधि, सिप, चरित्र र सामाजिक उत्तरदायित्वसँग जोड्दै त्रिभुवन त्रिशूली माविलाई सामुदायिक शिक्षाको सामुदायिक शिक्षाको राष्ट्रिय गौरव र 'सेन्टर अफ एक्सेलेन्स' का रूपमा स्थापित गर्नु हो,' प्रधानाध्यापक दवाडीले भन्नुभयो ।

प्राथमिक ब्लकमा रहेको विद्यार्थीको अत्यधिक चाप र कक्षाकोठा व्यवस्थापनका लागि थप भौतिक पूर्वाधारको तत्काले व्यवस्था, प्राविधिक र नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालन गर्न शिक्षकको निरन्तर पेसागत विकास र बाह्यविज्ञको दिगो रूपमा व्यवस्थापन तथा सामुदायिक विद्यालयप्रतिको परम्परागत सामाजिक धारणालाई पूर्ण रूपमा बदल्न विद्यालयले आफ्नो डिजिटल र गुणात्मक फड्कोलाई समुदायसम्म निरन्तर बुझाउनुपर्ने चुनौती रहेको पूर्वप्राविं शिक्षक सूर्यकुमार श्रेष्ठले बताउनुभयो ।

निजी शैक्षिक संस्थाको आक्रामक बजार र 'सामुदायिक विद्यालयमा गुणस्तर हुन्न' भन्ने सतही सामाजिक भाष्यलाई गणितीय रूपमै चुनौती दिँदै विद्यालयले विगत तीन वर्षमा आफ्नो एसइई नतिजालाई ४०.३५ प्रतिशतको नाजुक अवस्थाबाट उठाएर ९३.४८ प्रतिशतको उचाइमा पुऱ्याउनाले यसको आन्तरिक व्यवस्थापन, शिक्षकको पेसागत निष्ठा र विद्यार्थीको अथक मिहिनेतलाई निर्विवाद रूपमा प्रमाणित गरिदिएको छ । यो गणितीय फड्कोले अभिभावकमा आफ्नो सन्तानको भविष्य सामुदायिक विद्यालयको काखमा पनि सुरक्षित र उज्यालो छ भन्ने अकाट्य भरोसा पुनर्स्थापित गराएको विद्यालय रहेको विदुर-१ का वडाध्यक्ष लेनिन रञ्जितले बताउनुभयो ।

विद्यालयका पूर्वप्रधानाध्यापक दिव्यराज शाक्यले भन्नुभयो, 'वि.सं. २०३८ देखि निरन्तर सञ्चालित 'महिला फिडर छात्रावास'ले केवल छात्रालाई आवास मात्र दिएको छैन, बरु दुर्गम र पिछडिएका भूगोलका छोरीहरूलाई विज्ञान, इन्जिनियरिङ र व्यवस्थापनजस्ता आधुनिक विधामा स्थापित गराएर महिला सशक्तीकरणको एउटा ऐतिहासिक कीर्तिमान खडा गरिरहेको छ ।' शिक्षालाई केवल पाठ्यपुस्तक र प्रमाणपत्रमा मात्र सीमित नराखी ६ सेमेस्टर प्रणालीको सिभिल इन्जिनियरिङ र बजारमुखी होटेल व्यवस्थापनमार्फत सिप, रोजगारी र उद्यमशीलतासँग जोड्ने विद्यालयको यो नीति वर्तमान राज्यकै राष्ट्रिय शैक्षिक शिक्षा नीतिका लागि समेत एउटा जीवन्त र अनुकरणीय बनेको छ ।

## रास्वपा सरकारले बनायो
# सुकुमवासी समिति

- **नयाँ सरकारले सुकुमवासी आयोग विघटन गर्ने र नयाँ आयोग गठन गर्ने परम्पराजस्तै भइसकेको ।**
- **पुरानो आयोग विघटन गर्ने परम्परालाई वर्तमान सरकारले पनि निरन्तरता दिएको ।**

**काठमाडौँ ।** सुकुमवासीसम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले सरकारले २४औँ सुकुमवासी समिति गठन गरेको छ । यसअघि यस्तै प्रकृतिका सुकुमवासी आयोग, भूमि आयोग तथा भूमि समितिको नाममा २३ वटा आयोग तथा समिति गठन भए पनि समस्या समाधान हुन सकेको छैन ।

मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले भूमि समस्या समाधान समिति गठन गरेको हो । 'नाम समिति भए पनि आयोगसरह नै अधिकार र भूमिका दिइएको छ । सरकारले बलभद्र बाँस्तोलाको अध्यक्षतामा समिति गठन गरेको हो । बाँस्तोला उच्च अदालतका पूर्वन्यायाधीश हुन् । साथै, अमिरप्रसाद न्यौपाने, पद्मिनी सोती र डा. रेहना श्रेष्ठलाई सदस्यमा चयन गरिएको छ । सदस्यसचिवमा सङ्घीय मामिला, सामान्य प्रशासन भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सहसचिव सुशील डङ्गोल नियुक्त हुनुभएको छ । सरकारले अध्यादेशमार्फत केही नेपाल ऐन संशोधन गरी हरि रिजालको अध्यक्षतामा गठित भूमि समस्या समाधान आयोग खारेज गरेपछि नयाँ समिति अथवा आयोग गठन गर्ने बाटो खुला भएको थियो । जेन-जी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको सरकारले गत असोजमै तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले गठन गरेको सुकुमवासी आयोग (भूमि समस्या समाधान आयोग) विघटन गरेको थियो । सरकारको उक्त निर्णयविरुद्ध आयोगका तत्कालीन पदाधिकारीले अदालतमा मुद्दा दायर गरेका थिए ।

अदालतले उक्त आयोगलाई ब्युँताएको थियो । त्यसपछि सरकारले बालेन्द्र शाह नेतृत्वको सरकारले अध्यादेशमार्फत ऐन संशोधन गरी आयोगका अध्यक्ष रिजालसहित सबै पदाधिकारीलाई पदमुक्त गरेको थियो । नयाँ सरकारले सुकुमवासी आयोग विघटन गर्ने र नयाँ आयोग गठन गर्ने परम्पराजस्तै भइसकेको छ । पुरानो आयोग विघटन गर्ने परम्परालाई वर्तमान सरकारले पनि निरन्तरता दिएको हो । ओली नेतृत्वको सरकारको वि.सं. २०८१ कात्तिक १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले हरि रिजालको अध्यक्षतामा केन्द्रमा भूमि (सुकुमवासी) समस्या समाधान आयोग गठन गरेको थियो । त्यो २३औँ आयोग थियो । केशव निरौलाको अध्यक्षतामा वि.सं. २०७८ भदौ २५ गते गठित राष्ट्रिय भूमि आयोगलाई सत्तागठबन्धन फेरिएपछि पुष्पकमल दाहालको नेतृत्वमा बनेको सरकारले २०८० चैत ८ गते खारेज गरेको थियो । त्यसपछि नयाँ आयोग गठन गरिएको थियो । तर, सरकारको उक्त निर्णयविरुद्ध पुरानो आयोगका दुई केन्द्रीय सदस्य गोवर्धन ओली र टेकबहादुर शाहीसहित १७ जनाले वि.सं. २०८० चैत २३ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । सर्वोच्चले वि.सं. २०८० चैत २५ गते नयाँ भूमि आयोग गठन नगर्न र निरौला नेतृत्वको आयोगलाई यथास्थितिमा राख्न अल्पकालीन आदेश जारी गरेको थियो । त्यसपछि नयाँ भूमि आयोग गठन प्रक्रिया रोकिएको थियो । तर, अदालतमा मुद्दा दायर गरेका पुराना सदस्यले मुद्दा फिर्ता लिएपछि ओली सरकारले नयाँ आयोग गठन गरेको थियो ।

# गणेश हिमालको फेदीमा न्यायिक सम्मेलन




**सोमदाङ ।** रुबीभ्याली- ३, सेर्तुङमा बागमती प्रदेशस्तरीय न्यायिक सम्मेलन- २०८३ 'रुबीभ्याली घोषणापत्र' जारी गर्दै आइतबार सम्पन्न भएको छ । गणेश हिमालको फेदीमा अवस्थित धादिङ जिल्लाको रमणीय गाउँ सेर्तुङमा यही जेठ १६ र १७ गते सञ्चालित सम्मेलनमा बागमती प्रदेशअन्तर्गतका १११ स्थानीय तहका न्यायिक समिति संयोजक, उपप्रमुख, उपाध्यक्ष तथा सरोकारवालाको सहभागिता रहेको नुवाकोट, विदुर नगरपालिकाकी उपप्रमुख प्रभा बोगटीले जानकारी दिनुभयो ।

सम्मेलनमा स्थानीय तहमा न्याय सम्पादनलाई थप प्रभावकारी, सहज, छिटोछरितो र नागरिकमैत्री बनाउने विषयमा व्यापक छलफल गरिएको थियो । न्यायिक समितिका अनुभव, चुनौती, असल अभ्यास तथा मेलमिलाप प्रक्रियाका विषयमा सहभागीले आ-आफ्ना अनुभव प्रस्तुत गरेका थिए । सम्मेलनको समापनसँगै जारी गरिएको 'रुबीभ्याली घोषणापत्र'मार्फत स्थानीय तहको न्यायिक प्रणालीलाई थप सुदृढ, पारदर्शी र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ । साथै न्यायमा नागरिकको पहुँच विस्तार, मेलमिलाप संस्कृतिको प्रवर्द्धन तथा न्यायिक समितिको क्षमता अभिवृद्धिमा जोड दिइएको छ । रुबीभ्यालीका उपाध्यक्ष फेलामा तामाङले सम्मेलनले स्थानीय तहका न्यायिक समितिबिच अनुभव आदान-प्रदान र सिकाइको अवसर प्रदान गरेको बताउँदै यसबाट न्यायिक सेवालाई थप प्रभावकारी बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । सम्मेलनले रुबीभ्यालीको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता तथा पर्यटन सम्भावनालाई राष्ट्रियस्तरमा चिनाउनसमेत महत्त्वपूर्ण योगदान पुऱ्याउने उहाँले बताउनुभयो ।

'विचार, संवाद र एकता : भेदभावरहित न्यायप्रति प्रतिबद्धता' भन्ने नारासहित आयोजित सम्मेलनले स्थानीय सरकारमार्फत प्रवाह हुने न्यायिक सेवाको गुणस्तर अभिवृद्धि गर्न तथा न्यायिक समितिबिच समन्वय र सहकार्यलाई थप मजबुत बनाउन महत्त्वपूर्ण भूमिका खेलेको नुवाकोट, म्यागङकी उपप्रमुख सीता तामाङले बताउनुभयो । गणेश हिमालका काखमा अवस्थित सेर्तुङमा पहिलोपटक प्रदेशस्तरीय न्यायिक सम्मेलन आयोजना गरिएकाले यसले रुबीभ्यालीलाई न्यायिक तथा पर्यटकीय गन्तव्यका रूपमा समेत चिनाउन सहयोग पुगेको स्थानीय बमबहादुर तामाङले बताउनुभयो ।

## तेस्रो आँखा

*सामुदायिक पाठशालामा विद्यार्थीको खडेरी लागेको दशकौँ हुन लाग्यो । सरकारी लगानीका विद्यालय रित्तिँदै निजीमा विद्यार्थी भरिँदै गएसि सदरमुकामनजिकका आधा दर्जन पालिकाको शिक्षा लगानी स्वाहा भएको टुलुटुलु हेर्नुपऱ्यो गाँठे ! सडक पुगेका गाउँटोल, बस्तीसम्मका विद्यार्थीलाई निजी विद्यालयका बस, माइक्रोबसले ओसार्ने होडबाजी भएसि पालिकाले सरकारी विद्यालयमा पढाउनुपर्ने भनी दिएको उर्दी धोती लागेको चाल नपाउने जिल्लातिर कोही भएन ! सिंहदर्बारको अधिकार प्रयोग गर्दै फरमान जारी गर्ने पालिका सर्खारको निर्णय जनताले मानेका भए गत चुनावमा काङ्ग्रेस-कम्युनिस्टले जितेका पालिका र वडामा घन्टीमा मत हवारहवारती ओइरिन्थ्यो र ? बालेन सर्खारको निर्णय नमान्ने पालिका प्रमुखले प्रधानमन्त्रीको फोटो किन झुन्डाउँछन् ? सरकारी विद्यालयको भवन खाली हुन थालेसि कुखुरा पाल्ने सोच बनाए कसो होला समन्वय बाबुसाब ? सङ्घीय सर्खारले विद्यालय खाली भएसि निजी विद्यालयलाई तीन प्रतिशत शिक्षा समता शुल्क असुल गर्न खोज्नु सोह्रै आना ठिकै हो नि, कसो हो अधिकारीजी ?*




## 'खानेपानी अक्षयकोष' स्थापना गर्ने सम्मानित



**विदुर ।** नुवाकोटको ऐतिहासिक, धार्मिक भैरवी मन्दिरपरिसरमा पिउने पानी व्यवस्थापनका लागि आर्थिक सहयोग गर्ने दाताहरूलाई भैरवी भजनमण्डलले शनिबार सम्मान गरेको छ । विदुर नगरपालिकाका प्रमुख राजनलाल श्रेष्ठले अक्षयकोष स्थापनाका लागि भैरवी भजनमण्डलको आह्वानमा नगद तथा जिन्सी सहयोग रु. पाँच हजारभन्दा माथि गर्नुहुने दातालाई सम्मान गर्नुभएको थियो ।

भजनमण्डलको आह्वानमा खानेपानी अक्षयकोष'का लागि आर्थिक सहयोग ... बाँकी ४पेजमा

## सगरमाथाको संरक्षण गरौँ, प्राकृतिक सम्पदा जोगाऔँ

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौँ,
- हिमाली क्षेत्रको वातावरणीय सन्तुलन कायम राखौँ,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौँ,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौँ,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔँ,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौँ,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमुना पर्यटकीय गन्तव्य बनाऔँ ।

*हिमाल हाम्रो पहिचान र गौरवको आधार*

नेपाल सरकार
विज्ञापन बोर्ड







